जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक १८, २०८० साल साउन २६ गते शुक्रबार, नेपाल संवत् ११४३ (Aug 11, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### विशेष सूचना

देशभक्ति, सामाजिक विकास र पर्यावरणमा समर्पित रहँदै विगत ११ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको ग्रेटर नेपाल साप्ताहिक पत्रिका अब भदौ महिनादेखि म्याग्जिन संस्करणमा मासिक रूपमा प्रकाशित हुने व्यहोरा हाम्रा नियमित पाठक, ग्राहक, बिक्रेता एवं शुभचिन्तकहरूलाई अवगत जराउन चाहन्छौं । यसबाट पर्ने असुविधाप्रति क्षमा प्रार्थी छौं ।

सुरेन्द्र ढकाल
सम्पादक ⁄ प्रकाशक

### नेविसंघ तदर्थ समिति विस्तार

काठमाडौं । नेपाली कांग्रेसको भ्रातृ संस्था, नेपाल विद्यार्थी संघ (नेविसंघ) तदर्थ समिति विस्तार भएको छ । सभापति शेरबहादुर देउवाले सोमबार बेलुकी दुजाङ शेर्पा अध्यक्ष रहेको नेविसंघलाई विस्तार गरेका हुन् । देउवाले २०७८ चैत ९ गते नेविसंघ अध्यक्षमा दुजाङलाई मनोनीत गरेका थिए ।

सभापति देउवाले ७७ जिल्लाबाट नै प्रतिनिधि हुने गरी ७ सय १० सदस्यीय नेविसंघ विस्तार गरेका छन् । देउवाले नेता शेखर कोइराला र महामन्त्री गगन थापा लगायतको समन्वयमा नेविसंघ विस्तार गरेका हुन् । महाधिवेशन नहुँदा नेविसंघको तदर्थ समिति गठन गरिएको हो । पार्टी मुख्य सचिव कृष्णप्रसाद पौडेलले सभापति देउवाले नेविसंघमा ७ सय १० जना सदस्य मनोनीत गरेको बताए ।

# विश्व महिला फुटबलको गौरवमय इतिहास

काठमाडौं । यतिबेला फिफा महिला विश्वकप फुटबल २०२३ को रौनकले विश्वभरिका फुटबल प्रेमीहरूलाई रोमाञ्चित बनाइरहेको छ । महिला फुटबलको विश्वयुद्धमा को विजयी बन्ने हो भन्ने उत्सुकता भने आगामी २० अगस्टमा टुंगिने छ । न्युजिल्यान्ड र अष्ट्रेलियाको विभिन्न ९ स्थानमा भइरहेको महिला विश्वकप फुटबलमा यसपटक आश्चर्यजनक नतिजाहरू देखिँदैछन् । महिला फुटबलमा अमेरिकाको लामो समयदेखिको प्रभुत्व समाप्त भएको छ । महिला विश्वकपमा अमेरिकी चुनौती नाटकीय रुपमा स्वीडेनको हातबाट टुंगिएको छ । अमेरिका पेनाल्टीमा पन्छिएको छ । अब स्विडेनले क्वाटर फाइनलमा एसियाली राष्ट्र जापानको सामना गर्नेछ । इंग्ल्यान्ड र अष्ट्रेलिया पनि क्वाटर फाइनलमा प्रवेश गरेका छन् । इंग्ल्यान्डले नाइजेरियालाई र अष्ट्रेलियाले डेनमार्कलाई पन्छाउँदै यी दुईले क्वाटर फाइनल यात्रा तय गरेका हुन् । इंग्ल्यान्डले अब कि त कोलम्बियाको सामना गर्नेछ होइन भने जमैकाको । अष्ट्रेलियाको अबको प्रतिद्वन्द्वी फ्रान्स वा मोरक्को हुनेछ । क्वाटर फाइनल खेल भोलिदेखि सुरु हुनेछ ।

त्यस्तै नेदरल्यान्डको प्रतिद्वन्द्वी भने स्पेन हुनेछ । नेदरल्यान्डलाई युरोपकै फुटबलको पावरहाउस मानिन्छ । विश्वकप फुटबलको इतिहासमा पहिलो पटक प्रिक्वाटर फाइनलमा प्रवेश गरेको दक्षिण अफ्रिका त्यसभन्दा अघि बढ्न सकेन । इटाली, ब्राजिल, जर्मनी, अर्जेन्टिनाजस्ता फुटबलका महारथीहरू नकआउट चरणबाटै बाहिरिइसकेका छन् । महिला विश्वकपमा ३२ टोलीको सहभागिता रहेको छ । सहभागी टोलीलाई ८ समूहमा विभाजन गरिएको छ । क्वाटर फाइनलमा ८ टोली भिड्नेछन् । फाइनल खेल अगस्टमा अष्ट्रेलियाको सिड्नीस्थित एकर स्टेडियममा हुनेछ ।

महिला फुटबल इतिहासमा धेरै आरोह अवरोह पार गर्दै आजको स्थितिमा आइपुगेको हो । अहिलेसम्म पनि महिला फुटबलले पुरुष फुटबलको जस्तो चर्चा





पाउन सकेको छैन । महिला फुटबलका सर्वकालीन महान खेलाडीहरू को को हुन् भनेर प्रश्न गर्ने हो भने जवाफ पाउन लगभग कठिनजस्तै छ । यही प्रश्न पुरुष फुटबलबारे सोध्ने हो भने नाम आइहाल्छ लियोनल मेसी, रोनाल्डो, हेरिकेन, नेयमार, डि मारिया, माने लुकाकु, सुराज, लुकामडिज आदि । अनि उम्दा खेलाडी भन्यो भने केलियन एमवाप्पे र सिटीका नर्वोप्पयन खेलाडी हल्यान्डको नाम सबैका मुखमा कण्ठ नै छ । महिला फुटबलको इतिहासबारे चर्चा गर्दा बेलायती महिला फुटबलकै नाम अगाडि आउँछ । बेलायतलाई फुटबलको जननीका रुपमा समेत चिनिन्छ ।

२६ डिसेम्बर १९२० मा लिभरपुलस्थित गुडिसन पार्क मैदानमा फुटबल हेर्न ५६ हजार दर्शकको भीड उर्लियो । झन्डै १४ हजार दर्शक टिकट नपाएर गेटबाटै घर फर्कन बाध्य भए । त्यस दिन खेल्ने दुई टोली थिए– डिक केयर लेडिज र सेन्ट हेलेन्स लेडिज । त्यो खेलले महिला फुटबलमा उच्च दर्शक उपस्थितिको कीर्तिमान राखेको थियो । सन् १९२० को दशकमा फस्टाउँदै गरेको महिला फुटबलको निमित्त त्यो दिन निःसन्देह ऐतिहासिक दिन थियो । तर महिला फुटबलले उचाइ छोएको त्यो दिन महिला फुटबल इतिहासको कालो दिनको कारक पनि बन्न पुग्यो । महिला फुटबलको बढ्दो लोकप्रियताले पुरुष फुटबलमा दर्शक उपस्थिति र आम्दानी दुवैमा कमी ल्याउन सक्ने देखेर त्रसित बेलायती फुटबल संघ (एफए) ले आजभन्दा १०३ वर्षअघि ५ डिसेम्बर १९२१ मा फुटबल खेल महिलाहरूको शरीर र प्रजनन स्वास्थ्यका लागि अनुपयुक्त भएको उल्लेख गर्दै एक विज्ञप्तिमार्फत प्रतिबन्ध लगायो । पाँच दशक कायम रहेको त्यो प्रतिबन्धको मूल्य महिला फुटबलले आजसम्म तिर्दैछ ।

सँगसँगै जस्तो सुरु भएको भए पनि पुरुष फुटबलको जस्तो महिला फुटबलको अभिलेख भेटिँदैन । सन् १८८० कै दशकमा बेलायतमा विभिन्न महिला टोलीले एक बाँकी ८ पेजमा

## बासमती धानको ट्रेडमार्कमा नेपालको पनि दाबी

काठमाडौं । भारतले बास्मती धान र चामलको ट्रेडमार्कमा आफ्नो एकाधिकार रहेको दाबी गर्दै युरोपियन युनियन (इयु) मा दाबी पेस गरेपछि त्यसको खण्डन गर्दै नेपालले १३ बुँदे दाबीसहित प्रमाण पेस गरेको छ । नेपालमा साढे दुई हजार वर्षदेखि बास्मती धान उत्पादन र प्रयोग हुँदै आएको 'भौगोलिक ट्रेड मार्क' सहितको दाबी इयुमा पठाइएको हो ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले विज्ञ टोलीद्वारा गहन अध्ययन अनुसन्धान गरेर करिब ६ दर्जन प्रमाण इयुमा पेस गरेको हो । नेपालमा परापूर्वकालदेखि बास्मती धान लगाउँदै आएकाले यसको प्याटेन्ट राइट नेपालको भएको प्रमाण इयुमा पठाइएको हो । भारतले बास्मती धान चामलमा एकाधिकार जमाउन खोजेपछि नेपालले त्यसको विरोध गर्दै दाबी पेस गर्नुपरेको हो ।

भारतले बास्मती धान र चामलको भौगोलिक ट्रेडमार्कमा आफ्नो



एकाधिकार रहेको भनै इयुमा आवेदन दिएको थियो । वास्ना आउने धानमा भारतले एकाधिकार गर्न खोजेकोले दाबी प्रस्तुत गर्नुपरेको नार्कको भनाइ छ ।

अन्तर्राष्ट्रिय 'जिन बैंक' मा नेपाली वास्मती धानका विभिन्न जात रहेको नार्कको दाबी छ । जिन बैंकमा रहेका वास्मती धानका विभिन्न प्रकारका पनि प्रमाणको रुपमा राखिएको छ । वास्मती धानका जात, झिनुवा, हंशराज, कालो नियामक, जेठो बुढो, कालो नुनिया, कनक जिरा, साली धान, करिया कामोद, कृष्णभोग, इयाम जिरा लगायत दुई दर्जन बढी जात छन् ।

मुलुकका ४० भन्दा बढी जिल्लामा ३० हजार हेक्टर जमिनमा वास्मती धान खेती हुँदै आएको छ । नार्कले २५ सय वर्षअघि गौतम बुद्ध भिक्षा माग्न जाँदा नै बास्मती धानको भिक्षा दिने गरेको ऐतिहासिक तर्क पनि प्रस्तुत गरेको छ । वैज्ञानिकको टोलीले ऐतिहासिक प्रमाण जुटाएको हो । बास्मती धान समुद्र सतहदेखि दुई हजार मिटरसम्मको नेपालको विभिन्न भौगोलिक क्षेत्रमा लगाउने गरिएको छ । विभिन्न पुस्तक, अन्तर्राष्ट्रिय संघसंस्था तथा जर्नलमा प्रकाशित लेख पनि प्रमाणका रुपमा राखिएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपक्षी विकास मन्त्रालयको अनुमतिमा नार्कले दाबीसहित विरोधपत्र यसअघि नै पठाएको हो । भारतले बास्मती धानको प्याटेन्ट पाए नेपालमा प्रयोग गर्न अनुमति आवश्यक पर्छ । नेपालमा बास्मती उत्पादन भए पनि बिक्री गर्न अनुमति लिनुपर्छ । अहिले भारतले युरोपेली बाँकी ८ पेजमा

## सहमतिपपछि आन्दोलन फिर्ता

काठमाडौं । गौर हत्याकाण्ड पीडित संघर्ष समिति र सरकारबीच पाँच बुँदे सहमति भएको छ । मंगलबार गृह मन्त्रालयमा भएको छलफलपछि सहमति भएको गृह मन्त्री नारायणकाजी श्रेष्ठका स्वकीय सचिव विजय गौतमले जानकारी दिए ।

२०६३ चैत ७ मा रौतहटको गौरमा भएको घटनामा मृत्य बाँकी ८ पेजमा

## २४ निर्माण कम्पनी कालोसूचीमा

काठमाडौं । पप्पु कन्स्ट्रक्सनसहित २४ निर्माण कम्पनी कालोसूचीमा परेका छन् । सार्वजनिक खरिद अनुगमन कार्यालयले एक सार्वजनिक सूचनामार्फत २५ कम्पनीलाई कालोसूचीमा राखिएको जनाएको हो । यी २५ निर्माण कम्पनीले कालोसूचीमा राखिएको अवधिभर कुनै पनि निकायको खरिद तथा ठेक्का प्रक्रियामा भाग लिन बाँकी ८ पेजमा

## ल्हारक्याल नियुक्ति : पर्यटन मन्त्री विवादमा



काठमाडौं । ल्हारक्याल लामालाई केही दिनअघिको मन्त्रिपरिषद् बैठकले माओवादी कोटामा लुम्बिनी क्षेत्र विकास कोषको उपाध्यक्ष नियुक्त गरेको छ । उनको नियुक्तिलाई लिएर चौतर्फी आलोचना भइरहेका बेला भ्रष्टाचार मुद्दामा चोख्याउन अख्तियारले समेत सहयोगी भूमिका खेलेको भेटिएको हो ।

अख्तियारले लामाविरुद्ध ०७३ वैशाख ३० मा ९ करोड ४४ लाख रुपैयाँभन्दा बढी बिगो, त्यति नै जरिवाना र कैद सजाय मागदाबीसहित विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । त्यसको ठीक ६ महिनापछि ०७३ कात्तिक ३० मा विशेष अदालतका अध्यक्ष मोहनरमण भट्टराई तथा सदस्य (न्यायाधीश) द्वय प्रभा बस्नेत र महेशप्रसाद पुडासैनीको इजलासले पहिलो पेसीमै लामाविरुद्ध अख्तियारको दाबी नपुग्ने भन्दै सफाइ दिएको थियो । तर, मागदाबीविरुद्ध फैसला भए पनि सर्वोच्चमा पुनरावेदन जाने बाँकी ८ पेजमा

## चीनको केन्द्रीय बैंकले आर्थिक सहयोग गर्ने

काठमाडौं । चीनको केन्द्रीय बैंकले देशका निजी उद्यमहरूलाई आर्थिक सहयोग बढाउने बाचा गरेको छ । पिपुल्स बैंक अफ चाइना (पीबीओसी)ले वित्तीय र औद्योगिक नीतिहरूबीचको समन्वयलाई सुदृढ पार्ने र निजी अर्थतन्त्रमा थप वित्तीय स्रोतहरू परिचालन गर्ने बाचा गरेको हो ।

बैंकका गभर्नर पान गोङसेङले निजी उद्यमहरूको लागि वित्तीय सहयोग वृद्धि गर्ने बताएका छन् । निजी अर्थतन्त्र समाजवादी बजार अर्थतन्त्रको विकासका लागि महत्वपूर्ण भएको र आर्थिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्ने भएकाले निजी उद्यमलाई सहयोग गर्न बाध्य भएको बताए । बाँकी ८ पेजमा

## भारी वर्षाले देशैभर प्रभावित

काठमाडौं । काठमाडौं उपत्यकामा भारी वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार गए रातिदेखि काठमाडौंमा निरन्तर वर्षा भइरहेको छ । काठमाडौं उपत्यकामा भारी वर्षाका कारण नदी र खोलामा बाढी आएको छ । बाढी पूर्वानुमान महाशाखाले सूचना जारी गर्दै बाढीले जलसतह बढ्दो क्रममा रहेकाले बिहान ११ बजेसम्म उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ । अविरल वर्षाका कारण हनुमन्ते खोला बढेर बस्ती पसेको छ । हनुमन्ते खोला बस्ती पसेसँगै आसपासका स्थानीयलाई सास्ती भएको छ । सिद्धि स्मृति अस्पताल पनि डुबानमा परेको छ । बाँकी ८ पेजमा

## मुलुकभर आँखा पाक्ने रोगको प्रकोप

काठमाडौं । केही दिनयता देशका अधिकांश जिल्लामा आँखा पाक्ने रोग फैलिरहेको छ । चिकित्सकीय भाषामा यो रोगलाई 'एडिनो भाइरस कन्जन्टिभाइटिस' पनि भनिन्छ । प्रायः गर्मी मौसममा बढी फैलिने यो रोगबाट युवायुवती र बालबालिका बढी संक्रमित छन् । भाइरलको रूप रहेको यो रोग लागे जथाभावी औषधि किनेर प्रयोग नगर्न चिकित्सक सुझाव दिएका छन् । यो रोगले आँखा रातो हुने, एकदमै चिलाएर सुन्निने, सुतेर उठ्दा आँखामा कचेरा (चिप्रा) बस्ने र बाँकी ८ पेजमा

## विशाल नेपाल महाअभियानको सातौं पूर्ण बैठक

काठमाडौं । यही साउन २० गते शनिबारका दिन विशाल नेपाल महाअभियानको सातौं पूर्ण बैठक लगनखेलमा बस्यो । महाअभियानका ४५ जना अभियन्ताहरूले लगनखेल भएर आउने जाने बाँकी ८ पेजमा



## सांसद विकास कोष : असमानता र विभेदको कारक

समय सन्दर्भ

■ विष्णु भट्टराई

आर्थिक वर्ष २०५१–५२ देखि सुरु गरिएको सांसद विकास कोष समय समयमा स्थगित गर्दै र नयाँ नामाकरण गर्दै नेपाल सरकारको बजेट तथा योजनामा ब्युँताउने गरिएको छ । कहिले निर्वाचन क्षेत्र विकास कोष कहिले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम त कहिले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम हुँदै आर्थिक वर्ष २०८०–८१ को बजेटमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नामले पुनः ब्युँताइएको छ ।

यसपटक प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड खर्च गर्न पाउने गरी कुल ८ अर्ब २५ करोड बजेट छुट्याइएको छ । संघीयता कार्यान्वयन हुनु पहिले सांसदलाई आफ्नो निर्वाचन क्षेत्रको विकासमा संलग्न गराउन ल्याइएको यो कार्यक्रम हालद विकेन्द्रित संघीय



व्यवस्थामा पनि निरन्तरता दिइएको छ । यस कार्यक्रमले संसदको कानुन तथा नीति निर्माणको मुख्य भूमिकालाई अवमूल्यन मात्र गरेको छैन, लोकतान्त्रिककरणका अन्य विविध पक्ष संघीयता, समानुपातिक प्रतिनिधित्व र समावेशिता निष्पक्ष निर्वाचनबाट नेतृत्वको छनोटलाई समेत प्रहार गरेको छ ।

सांसद भनेको जनप्रतिनिधि हुन् । सांसदको काम सरकार गठन गर्ने हो, कानुन निर्माणमा सरिक हुने हो, विकासको प्रत्यक्ष जिम्मेवारी लिने होइन । विकासको काम गर्ने सरकारले हो र त्यही कामका लागि संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार छन् । सांसदले सरकारको योजना कार्यान्वयन र विकास निर्माणको कामलाई जनताको तर्फबाट निगरानी गर्ने हो । सरकारका काममा भएका कमी कमजोरी, जनताको पहुँचमा विकासको प्रतिफल पुगे नपुगेको, सेवा प्रवाहमा सुधार भए नभएको मूल्यांकन गर्ने हो । विद्यमान नीति निर्माणकै तहबाट विकासमा भएको रिक्ततालाई सम्बोधन गर्ने हो । सरकारले गर्ने कामका सीमाबारे बौद्धिक विमर्श र आवश्यकता अनुसार हस्तक्षेप गर्ने काम सांसदको हो ।

सांसदले पैसा बोकेर काम गर्न थाल्ने हो भने सरकार र सांसदको भेद छुट्टिँदैन । यसले सरकारको भूमिकालाई सबै तहमा अवमूल्यन गर्छ । अहिले सांसदले आफ्नो निर्वाचन क्षेत्रमा पूर्वाधार विकास जस्ता कार्यक्रममा ध्यान दिँदा नीति निर्माण र महत्वपूर्ण विषय ओझेलमा परेको छ । सांसदले विकासको बहसलाई नीतिगत बहस र कानुनी पक्षसँग जोडेर हेर्नुपर्छ । जनता र समाज केन्द्रित विकासमा बाधा परिरहेका नीति र कानुनबारे गम्भीरतापूर्वक विमर्श चलाउनु नै विकासलाई सहयोग गर्नु हो । बाधक कानुनलाई सच्याउने र आवश्यक नयाँ कानुन बनाएर सरकारलाई कार्यान्वयन गर्दा दबाब बनाउँदा विकास छिटो हुन्छ । साथै राज्यको स्रोत साधनको न्यायोचित वितरण हुन्छ । यस्ता कार्यमा ध्यान दिने बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, श्री ऋषिकेश पन्त, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ, डा.गंगादत्त नेपाल

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सर्वोच्चको स्वागतयोग्य फैसला

बालुवाटारस्थित ललिता निवासको जग्गामा भएको भ्ष्टाचार काण्ड अहिले चर्चाको शिखरमा छ । भूमाफियाको ग्रान्ड डिजाइनअनुसार तलदेखि माथिसम्म सेटिङ मिलाएर क्याबिनेटबाट निर्णय गरी ललिता निवासको जग्गा हत्याउने खेल भएको थियो । उक्त काण्डमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मन्त्री तहसम्मलाई छानबिनको दायरामा ल्याए पनि क्याबिनेट निर्णय गराउने प्रमुख पात्र पूर्वप्रधानमन्त्री द्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई उन्मुक्ति दिएको थियो । सर्वोच्च अदालतले आइतबार ललिता निवास जग्गा प्रकरणमा मुछिएर थुनामा रहेका योगराज पौडेलले दायर गरेको बन्दी प्रत्यक्षीकरणको निवेदनमा न्यायाधीश अनिलकुमार सिन्हा र डा.कुमार चुडालको इजलासले नीति निर्मातामाथि समेत अनुसन्धान गर्न आदेश दिएको छ । सर्वोच्च अदालतको यो आदेशले जुनसुकै तहको भए पनि गल्ती गर्नेलाई उन्मुक्ति दिन नमिल्ने भएको छ ।

मुलुकमा ठूलठूला भ्रष्टाचारका काण्डहरू भए पनि हालसम्म प्रधानमन्त्री तहका व्यक्तिलाई अख्तियारले छुन सकेको थिएन । एकपटक धमिजा काण्डमा गिरिजाप्रसाद कोइरालालाई अनुसन्धान गर्न खोज्दा उनले यो अभियोग 'चियाको कपमा आएको तुफान' जस्तो हो भन्ने प्रतिक्रिया दिएका थिए । नभन्दै त्यस्तै भयो । गिरिजाको रौंसम्म हल्लिएन । अहिले ललिता निवास प्रकरणमा तल्लो तहका अधिकारीमाथि मात्र अनुसन्धान भइरहेकोमा सर्वोच्च अदालतको आदेशसँगै अनुसन्धानका क्रममा निर्णयकर्तालाई छाड्ने, निर्णय कार्यान्वयन गर्ने र अह्राएको मान्नुपर्ने पदमा रहेकालाई मात्रै अनुसन्धान गर्दा न्याय र राज्य प्रणालीबाट जनताको भरोसा टुट्ने आदेशमा भनिएको छ ।

पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री निवास विस्तार गर्ने भन्दै नक्कली मोहीलाई सरकारी जग्गा सट्टा भर्ना दिएको थियो । त्यस्तै डा.भट्टराई नेतृत्वको मन्त्रिपरिषद् बैठकले अस्तित्वमै नरहेको पशुपति टिकिन्छा गुठीका नाममा ललिता निवासको जग्गा दर्ता गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो । अख्तियारको अनुसन्धान तल्लो तहमा मात्र विशेष केन्द्रित भइरहेको अवस्थामा सर्वोच्च अदालतले आइतबार गरेको आदेशले निर्णायक तहमा हलचल पैदा गरेको छ । सर्वोच्चको आदेशलाई आदेश लक्षित वर्गका व्यक्तिहरूले आफ्नो दिन प्रतिकूल ठानेर नकारात्मक टिकाटिप्पणी गरे तापनि सम्पूर्ण जनताले स्वागतयोग्य मानेका छन् । यो आदेशले 'ठूलालाई चैन सानालाई ऐन' भन्ने मान्यता रहँदै आएको हाम्रो कानुनी परम्परालाई सच्याउने भएको छ । अदालतबाट आएको आदेशले ललिता निवासको जग्गा हिनामिनामा संलग्न कोही पनि दोषी नउम्किउन् भन्ने कुराको स्पष्ट सन्देश दिएको छ ।

सर्वोच्च अदालतको आदेशसँगै ललिता निवास जग्गा प्रकरणको थप अनुसन्धान गर्ने दायरा फराकिलो भएको छ । ललिता निवास प्रकरण जस्तै ठूला भ्रष्टाचार काण्ड मुलुकमा थुप्रै छन् ती सबै काण्डका फाइल अब खोलिनुपर्छ । लाउडा काण्ड, वाइडबडी कान्ड, सुन काण्ड, संस्थान बिक्री काण्ड, ओम्नी काण्ड, एनसेल काण्ड, भूकम्पपीडितको राहत काण्ड, माओवादी लडाकु शिविर काण्ड, सेक्युरिटी प्रेस खरिद काण्डलगायत सबै काण्डका फाइल खोलेर दोषीलाई कानुनी कठघरामा ल्याइनुपर्छ । त्यसैगरी २०४६ सालपछि राजनीति र प्रशासनको उच्च तहमा बस्ने सबैको सम्पत्ति छानबिन गर्नुपर्छ । राजनीतिक दलका सबै नेताहरूले आफूमाथि लाग्दै आएको भ्रष्टाचारको आरोपबाट मुक्त भई क्लिन चिट लिन एक पटक अग्निपरीक्षामा सामेल हुन आवश्यक छ ।

# के हो भित्री रहस्य भारत अमेरिकी आणविक सहयोगको ?



**सुरेन्द्र ढकाल**

सन १९६२ को भारत–चीन युद्धमा भारतको शर्मनाक पराजयपश्चात चीनसँग त्यसको बदला कसरी लिने भन्ने नै भारतको परराष्ट्र नीतिको अघोषित उद्देश्य हो । संसारले एक चीन नीति मानेको छ र मान्दामान्दै पनि भारतले आफनो भूमि धर्मशालामा चीनको निर्वासनको सरकार चल्न दिइरहेको छ भने उता अमेरिकाले ताइवानसँग स्वतन्त्र राष्ट्रजस्तै व्यवहार गरिरहेको छ र चीनले त्यसको निरन्तर विरोध गरिरहेको छ ।

दक्षिण चीन सागरमा अमेरिकी सैन्यको बाक्लो उपस्थिति भनेको चीनबाट ताइवानलाई अलग गर्ने अमेरिकी रणनीति नै हो । विश्व व्यापार संगठनको सदस्य बनी पश्चिमा राष्ट्रहरूले बनाएको विश्व व्यापार संगठनको शर्तहरू स्वीकार गर्दै चीनले जुन व्यापार वचत गर्‍यो त्यसले चीनलाई अमेरिका बराबर र अझ भन्नु पर्दा अमेरिका भन्दा पनि बढी आर्थिक रुपले सम्पन्न बनाएको छ । यसले अमेरिकाको सातो जानु स्वभाविकै हो ।

चीनको बढ्दो सामरिक शक्तिलाई नियन्त्रण गर्न अमेरिका र युरोपको सयुक्त सैनिक संगठन नेटोले समेत नसक्ने भएपछि उसले भारत, अष्ट्रेलिया अनि जापानलाई समेत सामरिक रुपमा चीन विरुद्ध प्रयोग गर्ने उद्देश्यअनुरुप प्रथम चरणमा अमेरिका र भारत U.S.–India Civil Nuclear Agreement or Indo-US nuclear deal भन्दै सहमतिमा पुगेका छन् । यो सहमतिमा सन २००५ को जुलाई १८,२००५ मा अमेरिकी राष्ट्रपति जर्ज बुस र भारतीय प्रधानमन्त्री मनमोहन सिंहले हस्ताक्षर गरेका थिए ।

संसारका शान्तिकामी जनतालाई उल्लु बनाउँदै गरेको यो सहमतिमा भारतले आणविक उर्जाको सैनिक र गैरसैनिक सुविधा गरी बेग्लाबेग्लै स्थान र रुपबाट विकास गर्ने कुरामा भारतले सहमति गरेको कुरा उल्लेख छ । जबकी भारतले आणविक अप्रसार महासन्धि (Nuclear Non-Proliferation Treaty) मा अझसम्म हस्ताक्षर गरेको छैन । हस्ताक्षर नै नगरी आणविक शक्ति बनेको उत्तर कोरिया र इरानलाई आतंककारी देश भन्दै आर्थिक नाकाबन्दी गर्ने र गर्न लगाउने अमेरिकाले कसरी भारतसँग यो सहमतिमा पुग्यो भन्ने कुरा रहस्यमय छ ।



उर्जा विकासका लागि आणविक शक्ति भन्ने नामको यस सहमतिअनुसार अमेरिका भारतलाई चीन बराबरी





आणविक शक्ति सम्पन्न देश बनाई चीन विखण्डन गर्ने नाममा तेस्रो विश्वयुद्धको तैयारी गर्दैछ भन्ने कुरा स्पष्ट छ । भारत र अमेरिका बीच यो सहमति अनुमोदन हुनु एक वर्षअगाडि २००४ मा अमेरिकाको सदन कंग्रेसले एमसिसिको अवधारणा अनुमोदन गरी विश्वका सबै कम विकसित र विकासशील राष्ट्रहरूलाई अनुदान दिई सोमार्फत आफ्नो पक्षमा पार्ने रणनीति अख्तियार गरेको थियो । यो नीति कालान्तर विकास हुँदै IPS, QUAD र AUKUS गठनको प्रकृयामा पुगेको छ । जसको मुख्य उद्देश्य भनेको चीनलाई वरिपरिबाट घेरी सिध्याउनु हो ।

भारतले आजसम्म आफ्नो कतिवटा सामरिक आणविक केन्द्र छन भनेर औपचारिक खुलाएको छैन तर भित्री रुपमा सन २०१८ सम्ममा ६ वटा नयाँ सामरिक आणविक केन्द्रको स्थापना र विकासमा भारत लागेको र अमेरिकाले त्यसमा सघाउनकै लागि भनेर यी दुई राष्ट्रबीच उर्जा विकासको नाममा सहमति भएको हो भन्ने सामरिक कुटनीतिज्ञहरूको ठोकुवा रहेको छ ।

यस परिप्रेक्ष्यमा दक्षिण एसिया डरलाग्दो रुपमा अति नै खतरापूर्ण स्थानको रुपमा विकास मात्रै नभै आणविक विश्वयुद्धको केन्द्र नबन्ला भन्न सकिदैन । यसै कारणले होला भारतका शान्तिकामी जनताले पनि यस सहमतिको जोडदार विरोध गरेका थिए ।

एकातर्फ आणविक अप्रसार सन्धि नमान्ने अर्कोतर्फ गैरसैनिक उद्देश्य हो भन्दै आणविक शक्ति प्रवर्द्धन र विकास गर्न लागि पर्ने कुराले भारतले दोग्ला चरित्र प्रदर्शन गरेको छ भनेर तटस्थ अमेरिकी विश्लेषकहरू बताउँछन् ।

दक्षिण एसिया र विशेष गरी नेपालमा भएको अपार जलस्रोतको न्यायोचित विकास गरी ऊर्जाको समस्याको दीर्घकालिन समाधान खोज्नु पर्नेमा त्यतातिर नलागी आणविक उर्जा जुन वातावरणीय दृष्टिकोणबाट खतरनाक छ त्यसको विकास गरी भारत आफूलाई आणविक शक्ति बनाउन खोज्दैछ र त्यसमा अमेरिका लागि पर्नु भनेको यो सोह्रैआना सामरिक उद्देश्य हो भन्ने जोकोहीले पनि बुझ्न सक्ने कुरा हो ।

यसको भित्री रहस्य भनेको भारतलाई चीन बराबरीको आणविक शक्ति बनाई चीन ध्वस्त गरी अखण्ड भारत निर्माण गर्ने योजना हो जुन खतरनाक योजना फलिभूत हुँदा विश्वयुद्धको चपेटामा पर्न जाँदा नेपाल, भुटान, पाकिस्तान र बंगलादेश समेतले आफ्नो स्वतन्त्रता गुमाउन सक्छन् भने अमेरिकाको महाशक्तिको ताज जोगिन सक्छ । भारत र अमेरिका लगायत पश्चिमा देशहरूले चाहेको कुरा पनि यही हो । हेरौं चीनले यो चुनौतिको कसरी सामना गर्छ ।

# गोर्खाल्यान्ड र नेपालीभाषी एकता

**■ डा. युवराज संग्रौला**

दार्जिलिङमा 'गोर्खाल्यान्ड' को माग राख्दै चर्किएको आन्दोलनले भारतका विभिन्न स्थानमा रहेका भारतीय नेपालीलाई तरंगित पारेको छ । नेपाललाई समेत कुनै न कुनै रूपमा प्रभावित बनाएको छ । दार्जिलिङको 'गोर्खाल्यान्ड' मागले नेपालीहरू र भारतमा रहेका भारतीय नेपालीहरूका बीचमा रहेको 'सांस्कृतिक एवं भाषिक' सम्बन्ध क्षतविक्षत् पार्ने खतरासमेत रहेको देख्न सकिन्छ । यसको समर्थन र विरोध दुवैतर्फ नेपालीमा भावनात्मक तरंग उर्लिएका छन् ।

विद्युतीय सम्पर्कको माध्यमबाट सहज सम्पर्क स्थापित गर्न सकिने अहिलेको युगमा, नेपाल र दार्जिलिङका नेपाली आपसमा वाक्युद्ध गरिरहेका देखिन्छन् । दार्जिलिङका कतिपय अपरिपक्व युवा आन्दोलनकारी उनीहरूको 'गोर्खाल्यान्ड' आन्दोलनको अहिलेसम्मको असफलताको अपजस नेपालको शिरमा राख्ने प्रयास गर्दैछन् । यस्तो लाग्छ, उनीहरूलाई आभास पनि छैन 'उनीहरूको आन्दोलन कुन षड्यन्त्रको भुमरीभित्र डुबेको छ ।' यता नेपालीहरू 'गोर्खा' शब्दको मायाबाट बशीभूत भएर, दार्जिलिङलाई गाली गर्न उद्यत् रहेका छन् ।

उनीहरू भन्छन्, 'गोर्खा' शब्द नेपालीको धरोहर हो । नेपालमा र दार्जिलिङ (भारतका सबै ठाउँमा) बस्ने नेपाली सबैमा 'विश्लेषणद्वारा समस्याको जरो पत्ता लगाउने, तथ्यबाट सत्यको निरोपण गर्ने र अनुसन्धान र अन्वेषणबाट यथार्थ निर्क्योल गर्ने' क्षमता र बौद्धिकतामा भने कमी रहेछ भन्ने कुरा अहिले देखिएको वाक्युद्धबाट यकिन गर्न सकिन्छ ।

दार्जिलिङका आन्दोलनकारीहरू जसरी 'नेपालीको सद्भाव र समर्थनले गोर्खाल्यान्ड पाउन नसकेको भ्रममा आफ्नै 'सांस्कृतिक र भाषिक' बन्धुहरूप्रति उरन्ठेउला तर्क र अपमानको भाषा बोलिरहेका छन्, त्यसरी नै नेपालका नेपालीहरू 'तर्क, बौद्धिकता र वस्तुगत यथार्थ होइन, भावनाका दास बनेर अल्पज्ञानी उरन्ठेउलो व्यवहार नै गरिरहेका छन् । यस नाजायज वाक्युद्धले सम्पूर्ण नेपालीबीचको 'एकता' मा ह्रास आइरहेको छ भन्ने कुरा दुवैथरीले बुझेका छैनन् ।

एउटा कुरामा प्रस्ट हुँदै अन्य तर्कहरूमा प्रवेश गरौं । दार्जिलिङ अहिले भारतको भूभागभित्र छ । दार्जिलिङमा भारतको संविधान लागू हुन्छ र त्यहाँ पश्चिम बंगालको कानुन लागू हुन्छ । दार्जिलिङमा बस्ने नेपालीभाषीहरू 'बन्दे मातरम्' गाउँछन् । झन् अहिले त उनीहरू उफ्रीउफ्री भन्दैछन्, 'हामी भारतीय नेपाली' हौं, हामी नेपाली नागरिक होइन ।' यसमा किञ्चित विवाद छैन । यसैसँग सम्बन्धित अरू दुइटा तथ्य पनि प्रस्ट पारौं ।

दार्जिलिङ र हाल सिक्किम रहेको भूभाग प्राक् इतिहासकालमा नेपालकै भूभाग थिए । १७ औं शताब्दीको पहिलो खण्डतिर तिब्बतका राजाले सिक्किमको स्थापना गरे र दार्जिलिङको ठूलो भाग यसमै हालियो । तर १८ औं शताब्दीको अन्ततिर नेपालको पुनः एकीकरण भयो र दार्जिलिङ नेपालकै अधीनमा आयो । तर बेलायती उपनिवेशवादी इस्ट–इन्डिया कम्पनीसँगको युद्धमा हारेपछि सन् १८१६ पछि दार्जिलिङ नेपालबाट खोसियो ।

यस अर्थमा 'दार्जिलिङ' का नेपाली भारतीय राज्यकै आदिवासी होइनन्, उनीहरू नेपालको टुक्रिएको भूभागका जनता हुन् । तसर्थ उनीहरूको नेपालसँग भाषिक सम्बन्ध मात्र होइन, ऐतिहासिक सम्बन्ध पनि छ । यस्तै सम्बन्ध देहरादुनका नेपालीसँग पनि छ । तर आसाम र भुटानका नेपालीसँग भाषिक सम्बन्ध मात्र हो, ऐतिहासिक सम्बन्ध होइन । तसर्थ दार्जिलिङलाई हेर्दा अन्य कतिपय भूभागमा बसेका नेपालीभन्दा अलि फरक ढंगबाट हेर्नुपर्छ ।

दार्जिलिङले 'भारतमा प्रान्तीय मान्यता प्राप्त गर्‍यो' भने त्यहाँका नेपालीको स्वशासन स्थापित हुन्छ । अहिले उनीहरूको हैसियत 'युद्धमा जितेका देशको पराजित नागरिक' जस्तो छ । अर्थात् उनीहरूमाथिको शासन इतिहासमा उनीहरूको भूभाग कब्जा गर्नेले लादेको अधीन मात्र हो । त्यसैले उनीहरूको 'सम्मान र मर्यादा' को लागि उनीहरूले प्रान्तीय हैसियत पाउनैपर्छ । यसले उनीहरूलाई भारतका अन्य नागरिकहरूसरहको स्वशासनको समानता प्रदान गर्दछ । त्यसैले दार्जिलिङका जनताको आन्दोलन जायज र न्यायपूर्ण छ । त्यसप्रति समर्थन जनाउनु हरेक विवेकशील मानिसको नैतिकता हो ।

नेपालीको अस्तित्व समाप्त पार्ने ममता बेनर्जीको खेलविरुद्ध 'दार्जिलिङ' का नेपाली आफ्नो भाषा र इतिहास संरक्षणको लागि 'गोर्खाल्यान्ड' को माग गरिरहेका छन् । यसले नेपाल र दार्जिलिङका नेपालीको एकता मजबुत बनाउँछ । तर भारत किन 'गोर्खाल्यान्ड' को मान्यता दिन चाहँदैन ?

नेपालको सामाजिक सञ्जालमा केही भावनावादीहरूले अनेकौं आधारहीन तर्क राख्दै दार्जिलिङका जनताप्रति आक्रोश र व्यंग्य गरे । यी तर्कहरूमा मुख्य भनाइ थिए, 'तिमी कसरी गोर्खाली भयौ ? ' गोर्खा त नेपालमा छ । तिमीहरू भारतीय हौ, गोर्खाली त नेपाली हुन् ।' यस्ता मित्रहरूलाई मेरो प्रश्न छ, 'दार्जिलिङका जनता रहरले भारतीय भए ? वा हामीमाथि थोपरिएको युद्धमा पराजयी भएका कारणले उनीहरू भारतीय भए ? ' एकपटक सोच्नुहोस् आफ्नो राष्ट्र खोसिएर अर्काको नागरिक हुनुको पीडा कस्तो हुँदो हो ? त्यसैले उनीहरू आफ्नो 'ऐतिहासिकता' जोगाउन 'गोर्खाल्यान्ड' मागिरहेका छन्, ताकि उनीहरूको नेपाली इतिहास र नेपाली इतिहाससँगको सम्बन्ध अटुट रहोस् ।

अहिले दार्जिलिङ 'भारतको बंगाल' हो । यस दार्जिलिङसँग नेपालको इतिहास जोडिएको छैन । अहिले 'दार्जिलिङ' का नेपाली भारतको संविधानअनुसार 'बंगाली' हुन् । किनकि उनीहरूको ऐतिहासिक पहिचान लुटिएको छ । उनीहरू 'गोर्खाल्यान्ड' को स्थापनाबाट दार्जिलिङको ऐतिहासिक यथार्थ पुनर्स्थापित गर्न चाहन्छन् । भारतीय शासकहरूलाई यो अन्तर्निहित सत्य थाहा छ । त्यसैले उनीहरू नेपाललाई देखाएर, गोर्खाल्यान्ड आन्दोलन नेपालले उत्प्रेरित गरेको आन्दोलन हो भनेर हाउगुजी सिर्जना गर्दै दार्जिलिङका नेपाली मूलका नागरिकलाई बंगालीकरण गर्न चाहन्छन् ।

'नेपालीहरूलाई बंगालीकरण' गर्न नै अहिले नेपालीभाषीले अनिवार्य बंगाली पढ्नुपर्ने नियम ममता बेनर्जीले लागू गरिन् । अर्थात् 'दार्जिलिङ' मा नेपालीको अस्तित्व समाप्त पार्ने वा नेपालीलाई बंगालीकरण गर्ने ममता बेनर्जीको खेलका विरुद्ध 'दार्जिलिङ' का नेपाली आफ्नो भाषा र इतिहासको संरक्षणको लागि 'गोर्खाल्यान्ड' को माग गरिरहेका छन् । यसले नेपाल र दार्जिलिङका नेपालीको एकता मजबुत बनाउँछ । तर भारत किन 'गोर्खाल्यान्ड' को मान्यता दिन चाहँदैन ?

यसका पछाडि अनेकौं तथ्यहरू छन्, जो इतिहासको गर्भमा लुकेका छन् । ती घटनाको विश्लेषण न नेपालीहरूले गरेका छन्, न त दार्जिलिङका नेपाली भारतीयले नै । यसका सम्बन्धमा विहंगम विश्लेषण गर्नुपर्छ र त्यसका बारेमा गहिरो अनुसन्धान गर्नुपर्छ । केही तथ्यहरूलाई यहाँ छलफलमा राख्ने प्रयास गरिएको छ ।

# बानेश्वर बहुमुखी क्याम्पसको ऐतिहासिक पृष्ठभूमि

**पृष्ठभूमि तथा स्थापना**

बानेश्वर क्याम्पसको स्थापना बानेश्वर क्षेत्रका शिक्षाप्रेमी व्यक्तिहरूको निरन्तर प्रयास तथा शिक्षाको प्रकाशलाई प्रज्वलित पार्ने दृढ आकांक्षा र अठोट रहेको छ । यसैको फलस्वरुप विभिन्न आरोह अवरोहहरूलाई पार गर्दै २०२४ सालदेखिको सपना २०४७ साल कात्तिक १ गते महाकवि लक्ष्मीप्रसाद देवकोटा जन्मजयन्तीको पुनीत अवसरमा तत्कालीन प्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्वसभापति कृष्णप्रसाद भट्टराईद्वारा उद्घाटन भएर साकार हुन्छ ।

तत्कालीन श्री ५ रत्न राज्यलक्ष्मी देवी माध्यमिक विद्यालयको भवनमा विद्यालयकै फर्निचरहरू प्रयोग गर्ने गरी यो क्याम्पसले शैक्षिक सत्र २०४७-२०४९ देखि मानविकी तथा व्यवस्थापनको प्रवीणता प्रमाणपत्र तहको अध्यापन कार्यक्रम थालनी २०४७ साल मंसिर २ गतेदेखि सुरु गऱ्यो । यस क्याम्पसमा भर्ना हुने विद्यार्थी संख्यामा भएको क्रमिक वृद्धिलाई दृष्टिगत गर्दा यसले आफ्ना विद्यार्थी, अभिभावक र विशेष गरी दुर्गम जिल्लाका ग्रामिण भेगबाट अध्ययन गर्न आउने निम्न आयस्तर भएका विद्यार्थीहरूलाई सन्तुष्टि दिन सफल भएको देखिन्छ ।

क्याम्पसको आजको यो स्वरुप र भविष्यमा हुने विकास केही व्यक्ति वा समूहको प्रयासको नतिजा नभई विभिन्न समयमा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने व्यक्तिहरूको परिश्रमको फल हो । हुन त विकास क्रममा असंख्य व्यक्ति तथा संस्थाहरूको योगदान निश्चित रुपमा रहेको नै हुन्छ । तीमध्ये कतिपय दृश्य र अदृश्य रुपमा समयको गर्भमा पनि लिन भइसकेका होलान् । तीमध्ये बानेश्वर क्याम्पस खोल्ने क्रममा वैचारिक शिलान्यास भूतपूर्व प्रधानमन्त्री टंकप्रसाद आचार्यको सभापतित्वमा २०२४ ।५ ।३१ मा संयोजित शैक्षिक सम्मेलनमा भएको थियो । त्यसपछि क्रमशः २०३७ ।६ ।१६ श्रीमती विद्या भट्टचनको अध्यक्षतामा, २०४२ ।४ ।२३ मा तत्कालीन राजसभाका माननीय सदस्य श्रीमती दिलकुमारीको सभापतित्वमा र २०४७ ।४ ।२३ मा श्री हरिबोल भट्टराईको अध्यक्षतामा भएका बैठक तथा शैक्षिक भेलाहरूमा बानेश्वर क्षेत्रमा निजीस्तरमा एउटा स्तरीय क्याम्पस खोल्ने सदिच्छालाई निरन्तरता दिदै क्रमशः विकसित गर्दै लगियो । अन्तत २०४७ कार्तिक १ गते लक्ष्मीपूजाको दिन बानेश्वरका शिक्षा प्रेमी बुद्धिजिवी तथा समाजसेवीहरूको अथक प्रयासबाट गैह्र नाफामूलक सामुदायिक क्याम्पसको स्थापना गरियो ।

हाल यस क्याम्पसले कामपा वडा नं ३१ शान्तिनगरमा आफ्नै लगानीमा भवन निर्माण गरी राष्ट्रिय परीक्षा बोर्डको स्वीकृतिमा विद्यालय व्यवस्थापन समितिको सहमतिमा कक्षा ११ र १२ तथा त्रि.वि को स्वीकृतिमा स्नातक तथा स्नातकोत्तर तहका कक्षाहरूमा अध्यापन गराउँदै आएको छ ।

हाल देशकै ७७ जिल्लाबाट करिब २८०० विद्यार्थीहरू यस क्याम्पसमा अध्ययनरत छन । यस क्याम्पसले मिति ०७८ ।११ ।२३ गते विश्वविद्यालय अनुदान आयोग नेपालले उपलब्ध गराउने गुणस्तर सुनिश्चिता प्रत्यायन QAA ( Quality Assurance Accreditation ) प्राप्त गरिसकेको छ । क्याम्पसले बजारोमुखी विषयहरू BBA, BSc . SIT, BIT जस्ता लिने प्रक्रियामा छ ।

**क्याम्पस स्थापनाका उद्देश्य**

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागअनुसार गुणस्तरीय शिक्षाको जग खडा गरी शिक्षामा गुणस्तर स्थापित गर्ने ।

२. राष्ट्रिय परीक्षा बोर्ड तथा त्रिभुवन विश्वविद्यालयले तोकेका शैक्षिक उद्देश्य प्राप्त गर्ने ।

३. स्तरीय तथा गुणात्मक शिक्षा प्रदान गरी देशभक्त नागरिक तयार गरेर राष्ट्र निमार्णमा अग्रसर गराउने ।

४.शिक्षाको स्तर वृद्धि गर्न विशेष ध्यानदिने ।

५. विविध प्राज्ञिक ज्ञान दिन व्यावहारिक र वस्तुस्थिति सुहाउँदो शिक्षा दिने ।

६) क्याम्पसको त्रि.विबाट स्वायत्तता प्राप्त गरी मानिक विश्वविद्यालय स्थापना गर्ने ।

**अध्ययनरत विद्यार्थीहरू**

२०७९ ।०८० को सत्रमा कक्षा ११ ् १२ ६२५ जना, BA मा ६५० जना, BBS मा ७२५ जना B .Ed मा ४७५ जना, MA मा १५० जना, MBS मा ९८ जना M .Ed मा २५जना रहेका छन् ।

**कार्यरत शिक्षक तथा कर्मचारीहरू**

यस क्याम्पसमा क्याम्पस प्रमुख प्रा.डा घमान सिंह खड्को नेतृत्वमा ७५ जना शिक्षक तथा १८ जना कर्मचारीहरू कार्यरत छन ।

**विद्यालय यवस्थापन समिति (कक्षा ११ र १२)**

अध्यक्ष प्रा.डा.केदार न्यौपाने, उपाध्यक्ष श्री उमेश तिमिल्सिना, सदस्यहरूमा प्रल्हाद पोखरेल, केशवप्रसाद घिमिरे, लक्ष्मण पराजुली, माधवराज लामिछाने, सदस्य वडा प्रतिनिधिमा हुमादेवी आचार्य, सदस्य कामपा शिक्षा विभागमा मोतीप्रसाद भट्टराई, सदस्य सचिवमा देवचन्द्र श्रेष्ठ रहनु भएको छ ।

**बानेश्वर बहुमुखी क्याम्पस ( स्नातक तथा स्नातकोत्तर तह) का सञ्चालक समिति**

अध्यक्षमा हरिबोल भट्टराई, उपाध्यक्षमा प्रा.डा.तीर्थप्रसाद मिश्र, सदस्यहरूमा दिनेशराज भट्टराई, डा. केदार न्यौपाने, विदुर मैनाली, प्रा. भूषण श्रेष्ठ, केशवराज खरेल, शंकरप्रसाद पौडेल, प्रा.डा विष्णु सापकोटा, प्रा.डा घनश्याम भट्टराई, लिलेन्द्र प्रधान, लक्ष्मण लम्साल, (सदस्य त्रि.वि प्रतिनिधि) मा कृष्ण ओझा, (सदस्य वडाध्यक्ष कामपा ३१), सरोज ढकाल र सदस्य सचिवमा प्रा. डा घमानसिह खड्का रहनु भएको छ ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य**

वानेश्वर क्याम्पसले स्थापनाकालदेखि नै विभिन्न संघ संस्था तथा दाताहरूबाट सहयोग पाउँदै आएको कारण यसको सबै सुविधाहरू सहितको आफ्नै भवन छ । तथापि बढ्दै गएको विद्यार्थी संख्या र सूचना प्रविधिमा भएको विकासको कारण सुविधाहरू पर्याप्त भने हुन सकेको छैन । यसै क्रममा क्याम्पसले आ व २०७९ ।८० देखि सुरेन्द्र ढकाल प्रीष्ठानसँग सहकार्य सुरु गरेको छ । जसको कारण क्याम्पसले प्रतिष्ठानबाट नयाँ कक्षा कोठाहरूको लागि भनेर रु १ लाख ६० हजारको डेस्क बेन्च प्राप्त गरेको छ ।

प्रतिष्ठानसँग स्थायी रुपमा आवद्ध भएको कारण हरेक वर्ष यस्तो सहयोग जारी रहने अपेक्षा गरिएको छ । यसको लागि समस्त विद्यार्थी तथा अभिभावक तर्फबाट क्याम्पस प्रशासन प्रतिष्ठानलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

**विशाल नेपाल महाअभियानको सातौं पूर्ण बैठक**

काठमाडौं । यही साउन २० गते शनिबारका दिन विशाल नेपाल महाअभियानको सातौं पूर्ण बैठक लगनखेलमा बस्यो । महाअभियानका ४५ जना अभियन्ताहरूले लगनखेल भएर आउने जाने बस, मिनिबस, माइक्रोबस र टेम्पाहरूमा विशाल नेपालको नक्सासहितको नारा भएको स्टिकर टाँस्ने कार्यक्रम भयो ।

संयोजक सुरेन्द्र ढकालको अध्यक्षतामा बसेको यस बेठकले महाअभियानमा संलग्न हुन चाहने इन्द्रबहादुर थापा मगर, शंकर पौडेल, लक्ष्मी खाड, भगवती शाह, काजीबहादुर घिमिरे, विश्वदीप शाह, निरज खड्का, भगवती पौडेल, विराज थापा गरी १० जनालाई महाअभियानमा औपचारिक रुपमा केन्द्रीय सदस्यको रुपमा स्वागत गरियो ।

बैठकले लक्ष्मी खाँडलाई विशाल नेपाल महाअभियानको नवलपरासी जिल्ला संयोजकमा मनोनयन गर्ने निर्णय गऱ्यो । त्यसै गरी छैठौं बेठकले निर्णय गरेका कुराहरूको कायान्वयनको समीक्षा गर्दै आगामी भाद्र २ गते शनिबार रत्नपार्क, जमल, बागबजार र सुन्धारा भएर आउने जाने सबै भाडाका यातायातका साधनमा स्टिकर टाँस्ने र सोपश्चात महाअभियानको आठौं बैठक गर्ने निर्णय गऱ्यो ।












कथा

# अस्मिताको लिलाम

लक्ष्मी उप्रेती

दश वर्षपछि आज म नर्करुपी पिँजडाबाट मुक्त भएँ। मेरा हातखुट्टामा बाँधिएका मोटामोटा अदृश्य फलामे सिक्री फुकालेर ठूलो सहरको कालकोठरीबाट जब म निस्किएँ, तब मलाई धेरै वर्षपछि खुला आकाश र खुला वातावरणमा जिउँदो सास फेर्दैछु जस्तो लाग्यो। म मुक्त त भएँ तर मेरो मृत्यु मसँग छ, मेरो रगतमा एचआईभी पोजेटिभ देखापरेको छ।

६ महिना अगाडि बिकनी भन्ने नेपाली केटीलाई एड्स लागेको थियो। यो रोग लागेको थाहा पाउनेबित्तिकै वेश्यालयबाट उसलाई निकालिएको थियो। बिचरी घर पुग्न नपाउँदै बीच बाटोमै बेवारिसे मृत्यु भोग्न बाध्य भएकी थिई। त्यस बेलादेखि मलाई पनि एड्स लागोस् भनी हरेक दिन म मृत्युसँग प्रार्थना गरिरहेकी थिएँ।

मलाई हावासँग उडेर आफ्नो घर नेपाल पुग्न हतार थियो। म पराई माटोमा मर्न चाहन्नथेँ। म जति सक्दो छिटो मेरो सानो सुन्दर र शान्त गाउँ पुग्न चाहन्थेँ। त्यस छाप्रोमा मैले होस सम्हालेदेखि सुख भोगेको अनुभवै थिएन।मेरा सनासाना तीन चार जना भाइबहिनीहरूलाई हेरचाह गर्ने मेरो जिम्मा थियो।

म भान्सा सफा गर्ने, भाँडा माझ्ने काम गर्थें। भाइबहिनीहरूलाई फकाएर हेर्ने गर्थे। बुबा भने घाम डाँडामाथि आएपछि मात्र उठ्नुहुन्थ्यो र हामी सबैलाई गाली गर्नुहुन्थ्यो। म दिनभरि भाइबहिनीहरूलाई स्याहार सुसार गरिरहन्थेँ। अलिअलि जाँडको भात भाइबहिनीहरूलाई खुवाएर सुताइदिन्थेँ। आमा घाम डुब्न लाग्दा घर फर्कनुहुन्थ्यो। कामबाट पाएको ज्यालाबाट चामल, पीठो, तरकारी किनेर ल्याउनुहुन्थ्यो। त्यसलाई बिसाई सानो भाइलाई दूध खुवाउनुहुन्थ्यो। हामीहरूलाई माया गर्नुहुन्थ्यो।

म चुल्होमा आगो बाली खाना पकाउने काममा लाग्थें। भाइबहिनीहरूलाई खाना खुवाई, बुबालाई पुग्ने खाना राखी आमा र म खान्थ्यौं। बुबाचाहिँ राति हामी सुतिसकेपछि रक्सीले मातेर आउनुहुन्थ्यो र के कुरामा हो कुन्नि आमासँग झगडा गर्दै आमालाई सधैं पिटिरहनुहुन्थ्यो।

एकदिन मामा हाम्रो घरमा आउनुभयो। आमाबाबुसँग के के कुरा गरिरहनुभयो। पछि थाहा पाएँ, उहाँ त मलाई नारायणघाट बजारमा कुनै साहूको घरमा काम गर्न पठाउनका लागि लिन आउनुभएको रहेछ। आमाले पठाउन मान्नुभएन र भन्नुभयो- 'यो ठूली छोरी गई भने मेरो हातै भाँच्चिएको जस्तो हुन्छ। सना बच्चाहरू दिनभरि अलपत्र हुन्छन्।'

मामाले आमालाई सम्झाउनुभयो। आमाले यी कुरा सुनी मलाई पठाउन मान्नुभयो। मलाई भने आमा र भाइबहिनीहरूसँग छुट्टिएर बस्न मन लागेन। सकेसम्म मैले नजानलाई जिद्दी गरेँ। आमाले मलाई सम्झाउँदै भन्नुभयो- 'छोरी। तिमीले अरुको घरमा बसेर भए पनि मीठो खान र राम्रो लाउन पाउने भएकीले म खुसी छु जुन हामीले दिन सकेनौं। अरुको घरमा काम गर्न पाउनु पनि तिम्रो भाग्य हो। तिमी त्यहाँ बस्यौ भने हामीलाई पनि केही पैसाको मद्दत हुन्छ।'

तैपनि म मानिनँ। अन्तमा मलाई बुबाले पिटेर जबर्जस्ती पठाउनुभयो। साहूको घरमा साहू, साहूनी र पाँच कक्षामा पढ्ने एउटी छोरी अनि एउटा सानो छोरा रहेछन्। साहू जागिरे र साहूनी स्कुलमा पढाउने शिक्षिका रहिछन्। बच्चालाई फकाउने र दिउँसो घरलाई रुँग्ने काम मेरो रहेछ।

हरेक महिना बुबा आई मेरो तलब लिई जानुहुन्थ्यो। दिउँसो बच्चा सुतेपछि म कोठाहरू सफा गर्थें र बच्चाका लुगाहरू धुन्थेँ। बिहान कोही नउठ्दै घर बढार्थें, पानी थाप्थेँ र चियाको पानी बसाल्थेँ। साहूनीले चिया बनाई खाना पकाएर सबैलाई ख्वाउनुहुन्थ्यो। सानो बच्चालाई दूध ख्वाई छोरी लिएर साहूनी स्कुल जानुहुन्थ्यो र साहूचाहिँ अफिस जानुहुन्थ्यो।

मैले मेरो घरमा भन्दा कम पनि थोरै गर्नुपर्थ्यो, पेटभरि खान र साथमा राम्रो लाउन पनि पाउँथे तर पनि मलाई भाइबहिनी र आमालाई सम्झी रुन मन लागिरहन्थ्यो। वनजंगल, नदीनाला, स्वच्छ हावा र खुल्ला ठाउँ भएको आफ्नै गाउँ जाने मन लागिरहन्थ्यो।

म भने दिनभरि बच्चालाई स्याहारेर बस्थेँ, साहूकी छोरी भने सफा लुगा लगाएर स्कुल जान्थिन्। आमाबाबु दुवैले कत्ति माया गर्थे। हाम्रो बुबालाई भने रक्सी खान पाए पुग्ने। आमाले सन्तानलाई र लोग्नेलाई पेटभरि खान नपुग्ला भनी दिनभरि काममा जोतिनुपर्ने। आमाको दुःख सम्झँदा मलाई नरमाइलो लाग्थ्यो।

हाम्रो जिन्दगी र शिक्षित आमाबाबुका सन्तानको जिन्दगीमा आकाश जमिनको फरक देखेर मलाई पूर्वजन्ममा हामीले धेरै पाप गरेको भएर यस्तो गरिब र अज्ञानीको घरमा जन्मनु परेको होलाजस्तो लाग्थ्यो।

नारायणघाट बसेको पाँच वर्ष बित्यो। हरेक दशैंमा जस्तै त्यो दसैंमा पनि म घर गएँ। त्यसपालि मामामाइजूसँगसँगै माइजूका भाइ पनि चाड मनाउन अष्टमीकै दिन आए। माइजूले भाइले ल्याइदिएको भनी हामी सबैलाई लुगाहरू र केही सामान दिनुभयो।

रातिको खाना खाँदै मामाले भन्नुभयो- 'दिदीभिनाजु। हाम्री भान्जी बढेर कत्ति ठूली र कत्ति राम्री भएकी। कति अरुको घरमा राख्ने ? अब राम्रो घर हेरी यसलाई सुहाउने राम्रो केटासँग विवाह गरिदिनुपर्छ।'

मेरा बुबाआमाले भन्नुभयो- 'कहाँ दिने छोरीलाई ? हामीले केटा खोजेकै छैन।'

मामाले भन्नुभयो- 'टाढा किन जानु ? यही मेरो सालो रामबहादुर छँदैछ नि ! उसले हाम्री भान्जीलाई मन पराइसक्यो। भारतको एउटा कारखानामा काम गर्छ, थुप्रो पैसा कमाउँछ। वर्षको एकचोटि नेपाल आउँछ र सबैतिर भेट गर्छ। भान्जीलाई सुखसँग राख्न सक्छ।' बुबाले गम्भीर भएर भन्नुभयो- 'केही जोरजाम गरेकै छैन, त्यत्तिकै कन्यादान दिने भनेर कसरी हुन्छ र ! आफन्तलाई भोज खुवाउनैपर्‍यो, अलिअलि भए पनि दानदक्षिणा दिनैपर्‍यो। पैसा पनि त हुनुपर्‍यो नि !'

'ओहो भिनाजु ! पैसाको किन चिन्ता लिनुपर्‍यो ? रामबहादुरले विदेशबाट थुप्रो पैसा ल्याएको छ। भोज र अरु खर्चबाहेक तपाईंलाई पाँच हजार दिन्छु भनेको छ। यस्तो मौका फेरि आउँदैन। यसपालि बिहे गरेरै जाने निधो गरेर आएको छ। भान्जीको रुप देखेरै उसले मन पराइसक्यो।'

मेरा बुबालाई पाँच हजारको कुराले महादेवको तीन नेत्र खुलेझैं भयो र भन्नुभयो- 'त्यसो भए पर्सि टीकाको दिन साइत पारेर कन्यादान दिउँला। भोलि बिहान सबेरै सबैलाई खबर गरी सामान ठिक्क पार्नुपर्‍यो।'

मलाई भने विवाह गर्ने इच्छा थिएन। साहूको घरमा मलाई सबैथोक राम्रै थियो। साहूनीले फुर्सतमा पढाइदिनुहुन्थ्यो। त्यहीँ म नेपाली, हिसाब र अंग्रेजी पनि पढ्न जान्ने भएकी थिएँ। 'अब बाबु पनि स्कुल जान थाल्यो, तिमीलाई पनि प्रौढ कक्षामा पढ्न पठाइदिने भनेर साहूनीले भन्नुभएको थियो। म विवाह गर्नुभन्दा अगाडि केही सिक्न चाहन्थेँ। त्यसैले मैले विवाह गर्न अस्वीकार गरेँ।

बुबा र आमाले मलाई गाली गर्दै भन्नुभयो- 'यस्तो राम्रो केटा तिम्रो भाग्यमा पछि आउँदैन। हामी तिम्रो कुभलो कहिल्यै चिताउँदैनौं। तिमी हरेक वर्ष टीका थाप्न आमाबुबा, भाइबहिनीलाई थुप्रै सौगात लिई आउन पाउनेछ्यौ। तिमीले गर्दा तिम्रा सबै परिवारले सुख पाउनेछन्।'

आमाले पनि यस्तै कुराहरू भनी मलाई सम्झाउनुभयो। मैले यसो विचार गरेर हेरेँ- केटा राम्रो र भलाद्मी नै देखिन्छ, जहान परिवारले मेरो कुभलो चिताउँदैनन्, ठिकै छ मैले यससँग बिहे गर्दा घरमा राम्रो हुन्छ भने किन अस्वीकार गर्ने !

मेरो र रामबहादुरको विवाह भयो। सबै परिवारको उज्यालो मुख देखेर म पनि खुसी भएँ। विवाह भएको दुई तीन दिनपछि नै हामी सुनौली हुँदै गोरखपुर गएर बम्बई जाने रेल चढ्यौं। बाटोभरि मलाई उसले निकै हेरचाह गर्‍यो। यति माया गर्ने लोग्ने पाएकोमा म साह्रै खुसी भएँ। त्यहाँ पुगेपछि 'मैले बताएकी दिदीकहाँ लैजान्छु' भनेर मलाई एउटा ठूलो घरमा लग्यो।

त्यस घरको बैठक कोठामा मलाई राखेर ऊभित्र गयो। केही समयपछि एउटी हेर्दै नक्कली, मोटी आईमाईसँग ऊ आयो। 'यिनी मेरी दिदी हुन्' भनेर परिचय गरायो र 'तिमी एकछिन दिदीसँग बस्दै गर, मेरो एउटा काम छ, म एकपछि बाहिर गएर आउँछु' भनी निस्कियो।

दिदीले मलाई 'तिमी थोकी हौली, एकछिन आराम गर अनि नुहाइधुवाई गरी आरामसँग बस्नु' भनेर एउटा सुसज्जित ठूलो पलङ भएको कोठामा लगिन, जहाँ भित्तामा स्वयम्भूका ठूलठूला आँखा, पशुपतिको मन्दिर, हिमालका चुचुरा र जीवित देवी, कुमारीका चित्रहरू थिए।

'म केही खानेकुरा पठाइदिन्छु, खाएर यही खाटमा आराम गर' यति भन्दै उनी बाहिर गइन्। केही दिनपछि एउटी अधबैंसे महिलाले सर्वत, फलफूल र मिठाइहरू ल्याइदिई र मैले खाएँ। खानासाथ मलाई निद्रा लाग्यो। रिँगटा लागेजस्तो भयो। म ओछ्यानमा ढल्किएकी थिएँ, कतिखेर निदाएँछु, निदाएँछु।

एकैचोटि राति म व्युँझिएँ। मसँगै उही अधबैंसे महिला बसिरहेकी खोइ ?' त्यस अधबैंसे महिलाले हिन्दीमा भनी- तुम्हारा मर्द पचास हजार रुपयें में तुमको यहाँकी बाईजीके हाथेमैं बेच् गया। अब तुम्हारा सबकुछ वही वाईजी हो गई, उसके इसारे पर तुमको चलना होगा।' म छाँगाबाट खसेजस्तो भएँ।

बल्ल मैले बुझेँ, मलाई उसले छुँदै नछोई सिसाको फूलझैं सम्हालेर र माया गरेर किन ल्याएको रहेछ भन्ने कुरा। ओहो ! मलाई आफ्नै मामाले केही पैसाका लागि बेच्न सहयोग गर्‍यो। मेरा बुबाले पनि अन्जानमै पाँच हजारमा मलाई बेचे।

मैले मामाले भान्जी बेचेको सुनेकी त थिएँ तर आफ्नै मामाले यस्तो विश्वासघात गर्लान् भनी सपनामा पनि सोचेकी थिइनँ। म रोएँ, चिच्याएँ, आफ्नो कपाल आफैंले भुत्लयाएँ, तर मेरे यो चिच्याहटमा कोही मलाई दया गर्न आएन।

म पिँजडामा कैद भएकी चरीझैं पखेटा फटफटाउँदै छटपटाएर थाकेँ। ती महिला आएर मलाई सिंगार्न लागिन्। ममा केही विरोध गर्ने सामर्थ्य नै भएन। उनले जे गरे पनि चुपचाप मैनकी पुतलीजस्तै भइरहेँ। पछि उनी बाहिर गइन्। मेरो आँखाबाट निद्रा भागिसकेको थियो। मेरा आँखामा आँसु पनि रित्तिइसकेको थियो। आधा रातमा दुई जना भुसतिघ्रे काला मान्छे पान चपाउँदै मेरो कोठामा पसे। पिँजडामा थुनिएकी कुनै चरीको जस्तै स्थितिमा थिएँ म। म डराएर एकडल्लो परेँ। मलाई चिलले जस्तै उनीहरूले चिथोरीचिथोरी मेरा भुत्लाहरू नङ्ग्याइदिए र थुतुनोले ठुँगीठुँगी मेरो शरीरको मासु लुछे। म असह्य पीडाले छटपटिएँ र मुर्च्छित भएँ।

भोलिपल्ट बिहान मेरा आँखा खुल्दा मलाई म निर्जीव लासमा परिणत भएझैं लाग्यो। सायद मलाई निद्रा लाग्ने र नदुख्ने सुई दिएको हुनुपर्छ। बिहान पनि म राम्रो होसमा थिइनँ। आँखा लठ्ठ थिए।

अनायास मेरा आँखाहरू त्यही भित्ताका चित्रहरूमा गए। स्वयम्भूका शान्त दुईवटा ठूलठूला आँखाबाट असह्य पीडा र वेदनाको आँसु झरिरहेको थियो। पशुपतिको मन्दिर स्तब्ध र क्षुब्ध भई ठिंग उभिएको थियो। हिमालका उच्च चुचुराहरू पनि लाचार भई आफ्नै छोरीको कुमारित्व छिन्नभिन्न भएको देखेर मर्माहत भएकाझैं लाग्थे र कुमारीको चित्रबाट बलात्कृत रगतको आँसु झरिरहेको थियो।

केही दिनपछि म ठीक भएँ तर मलाई मेरो शरीर आत्मा नभएको शून्यझैं लाग्यो। त्यो रात एउटी नेपाली केटीको अस्मिता लिलाम भयो। ओहो ! एउटा नारीको नारीत्व र अस्तित्व महत्वहीन खेलौनाजस्तो भयो।


म एउटा राम्रो मूर्तिजस्तो भएँ। बाईजीले जहाँ जाऊ भन्थिन् त्यहीँ जान्थेँ। ग्राहकले हाँस, नाच, गाऊ जे भन्थे त्यही गरिदिन्थे। मेरा हरेक हाउभाउ हजारौंमा बिक्थे। मानौं म हाड र छालाको मान्छे होइन, सुन्दर मूर्ति हुँ, जे गरे पनि सहिरहने, उफ पनि भन्न नसक्ने।

मलाई मेरो शरीरमा पखेटा उम्रियोस् र म उठेर आफनो देश, गाउँ, परिवारसँग भेट्न जाउँ जस्तो लाग्यो र मेरो अज्ञानी आमाबाबुलाई भन्न मन लाग्यो- 'मेरी आमा ! तपाईं आफ्नी छोरी, लोग्नेसँग विदेशको ठूलो सहरमा खुसी र सुखीसँग जीवन बिताइरहिछ भनी ढुक्क भइरहनुभएको होला तर तपाईंकी छोरीले यहाँ हरेक सासमा मृत्यु पाइरहेकी छे। तपाईंकी छोरी तपाईंबाटै बेचिएकी छे।'

# मान्छे, प्रकृति र भेगन : एक उपयोगी कृति

■ इन्दुल के.सी.






**प्रारम्भ**

"प्रकृति र मानव-अस्तित्वलाई सहज ढङ्ले निरन्तरता दिन टेवा पुग्ने काममा सचेत बनौँ र अरूलाई पनि सचेत बनाऔँ। दीर्घायु, समृद्धि, विकास र शान्तिका लागि कृत्रिमतालाई प्राथमिकता नदिई प्रकृतिप्रेमी बनेर अगाडि बढौँ। कृत्रिमतालाई मात्रै अँगालेर प्रकृतितिर्फ नफर्किने हो भने हाम्रो अस्तित्व यति सुन्दर पृथ्वीबाट सदाका लागि मेटिन सक्छ।" यस भनाइ पुस्तकका लेखक श्री साधुराम गिरीज्यूको हो। यो पुस्तक नेपाली साहित्य क्षेत्रमा लेखकको पहिलो पाइला हो। यस पुस्तकलाई श्री दामोदर घिमिरेज्यूले सम्पादन गर्नुभएको हो।

काभ्रे जिल्ला निवासी श्री साधुराम गिरीज्यूले लेख्नुभएको यो मान्छे, प्रकृति र भेगन (बिरौंला सङ्ग्रह) नामक पुस्तक नेपाली साहित्यक्षेत्रमा एउटा विशिष्ट प्रकारको पुस्तक हो। यो पुस्तक शब्दयात्रा प्रकाशन, बनेपाको १२२ औं प्रकाशन पुष्पको रूपमा पाठक समक्ष आइपुगेको छ। साहित्यको ठुलो बगैँचामा यो एउटा सुन्दर फुलझैं फुलेको छ। जम्मा ८६ पृष्ठको यस भित्र पहिलो भागमा चार ओटा कविताहरु दोस्रो भागमा दुई ओटा सङ्स्मरण सम्बन्धी निबन्धहरु र तेस्रो भागमा छ ओटा नेपाली भाषाको साथै दुई ओटा अङ्ग्रेजी भाषामा लेखिएका लेखरू समावेश छन्।

यस पुस्तकमा श्री भरत जंगम, डा. इन्दुल के.सी. प्रशिक्षक तथा विश्लेषक : मानव अधिकारका अभियन्ता श्री राजु सरकार, नवजीवन परोपकार समाज नेपालका अध्यक्ष श्री दुर्गानाथ दाहाल, प्रा. डा. मोहन खरेल तथा अध्यात्म गुरु श्री ब्रह्म श्री मित्रज्यू समेत छ जना महानुभावहरूले आ-आफ्नो भाषा शैलीमा लेखकको कार्यलाई दिनुभएका शुभकामना मन्तव्यहरु समावेश गरिएका छन्। शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीले आफ्नो प्रकाशकीयमा लेख्नुभएको छ "मान्छे, प्रकृति र भेगन" पुस्तकका रचनाकार साधुराम गिरीका कविता, सङ्स्मरण र लेखहरूको त्रिआयामिक सङ्ग्रह हो। त्यसैले यसलाई विरौंला सङ्ग्रह नाम दिइएको छ। यस सङ्ग्रहमा रचनाकारका विविध विचारहरु, भावहरु र दृष्टिकोणहरु मुखरित भएका छन्। विशेषतः मानव जीवनले अँगाल्नुपर्ने सकारात्मक पक्षहरूको चर्चा यस सङ्ग्रहका रचनाहरूमा गरिएको छ" यस पुस्तकको आवरण सज्जा इ. रोशन मञ्जुश्री अधिकारीज्यूले तयार गरेको यो सुन्दर हरियाली प्रकृतिको चित्र छ।

**पुस्तकमा रहेका साहित्यिक रचनाबारे**

पुस्तकमा रहेका कविताहरूमध्ये पहिलो कविता "यसरी नै उदाउन सकूँ म" हो। बालकवि साधुराम गिरी कक्षा आठमा अध्ययन गर्दा रचिएको रहेछ। स्कुले विद्यार्थीको अवस्थामा रचिएको यो कवितामा भविष्यमा आफ्नो जीवन एउटा आदर्शवान् देशभक्त बन्न सकौँ भन्ने आकाङ्क्षायुक्त भावले पूर्ण छ। दोस्रो कविता "वाह जिन्दगी !" मा कवि लेख्नुहुन्छ- "खाली हात जन्मेको खाली हातमै बिलाउनुपर्ने सपना पो रहेछ जिन्दगी" भन्ने शाश्वत उद्गार अभिव्यक्त भएको छ। आफ्नो जन्मस्थानको यादमा रचिएको "मेरो प्यारो खर्कडाँडा" मा आफ्नो गाउँको माया जीवनभर राख्ने भाव पोखिएको छ। "प्रकृतिप्रेमी भेगन" शीर्षकको कवितामा कवि भन्नुहुन्छ, "मानिसले श्वास लिन श्वास फाल्न प्रकृति नै चाहिन्छ। अनि मानिस भेगन बन्न सकेमा भनै राम्रो पुण्य यसै पाइन्छ" भन्ने सन्देश दिनुभएको छ।

**लेखकको एउटा गहन विचार**

"पशुवधशालामा अत्यन्तै घृणित र नारकीय दृश्य देख्दा ती निरीह पशुको हत्या गर्ने मानव ? कि दानव हो ? को कार्य र पशुभक्षक निर्दयी मानवदेखि जो कोहीलाई पनि घृणा लागेर आउँछ। एक्काइसौं शताब्दीका चेतनशील मानवको वास्तविकता यही हो ? लाज लाग्नुपर्ने हो साँच्चै विवेकशील मानव हो भने। यति सुन्दर देशलाई कहिलेसम्म यिनीहरूलाई नरक बनाउन दिइरहने हो ? एउटा गहन प्रश्न खडा भएको छ। व्यवसाय नै गर्ने हो भने निरीह प्राणीमाथि किन यस्तो क्रूर अन्याय र अत्याचार ?"

पुस्तकको तेस्रो भाग लेखखण्डमा रहेका केही लेखहरू सम्बन्धमा - मानव धर्म र आजको आवश्यकता शीर्षकको लेखमा लेखक भन्नुहुन्छ, "......... आ-आफ्नो धर्म र सङ्स्कृतिको पहिचान मानव-समाज रहुन्जेल अजम्बरी बनोस् त्यो पनि सम्पूर्ण मानव हितका लागि काल्पनिक, अदृश्य र अफिमरूपी धर्मभन्दा २१ औँ शताब्दीका लागि सुहाँउदो एक मात्र मानव धर्मको विकास नै आजको आवश्यकता र समय सान्दर्भिक हुन्छ। God created us and we create religions अर्थात् ईश्वरले हामीलाई बनायो र हामीले धर्मलाई बनायौं" भन्ने एउटा मनन्योग्य भनाइ पुस्तकमा समावेश भएको छ। कृत्रिम नबनौँ प्रकृतिप्रेमी बनौँ लेखमा - "बेलैमा सचेत भई आधुनिकताभन्दा प्रकृतितिर्फ फर्कन आफूलगायत सम्पूर्ण प्रकृतिप्रेमीहरूलाई प्रेरित गरौँ र प्रण गरौँ कि आजैदेखि अनावश्यक कृत्रिमतालाई त्यागेर प्रकृतितर्फ फर्कौं। त्यसका लागि सुरु आफैँबाट आजैदेखि गरौँ।"

**भेगन खाना**

माछा, मासु, अण्डा मात्र होइन, पशुपन्छीको कुनै पनि उत्पादनको अंश भेगनमा हुँदैन। यो भनेको विशुद्ध शाकाहारी भोजन, विरूवामा वा वनस्पतिमा आधारित खाना हो।

मानिसले स्वस्थ जीवनयापन गर्नका लागि शाकाहारी भेगन हुनपर्दछ र यो असल जीवनशैलीको आधार पनि हो। भनिन्छ शाकाहारीभन्दा पनि विशुद्ध खानेकुरा भनेको भेगन हो। भेगन डाइट लिनुका विभिन्न फाइदा छन्। यस्तो भोजनले मन र शरीरलाई शान्त र स्फूर्त तुल्याउँछ। भेगन डाइटको सेवनले शरीरको तौल सन्तुलित राख्नुका साथै शरीरलाई आवश्यक सम्पूर्ण पोषक तत्त्व पनि प्राप्त गर्न सकिन्छ। भेगन डाइट वा भेगन भोजन मात्र गर्ने हो भने मुटुरोग, उच्च रक्तचाप, कब्जियत तथा क्यान्सरजस्ता रोगको जोखिम पनि कम हुने गर्दछ। भेगन डाइटले पाचन क्रिया पनि दुरुस्त रहने भएकाले पनि भेगन डाइट हामी सबैका लागि एक राम्रो विकल्प हुन सक्छ।

लेखकले भोजनलाई तामसिक भोजन, राजसिक भोजन र सात्विक भोजन गरी तीन भागमा विभक्त गर्नुभएको छ, जसमध्ये यहाँ सात्विक भोजनको बारे लेखक भन्नुहुन्छ, "सात्विकको अर्थ निर्मल वा शुद्ध तत्त्व हो। सबैभन्दा शुद्ध आहार चेतनायुक्त आध्यात्मिक र स्वस्थ जीवनका लागि शरीरलाई पोषित गर्छ र शान्तिपूर्ण स्थितिमा राख्छ। आयुर्वेदका अनुसार शारीरिक बल, राम्रो मन, राम्रो स्वास्थ्य र दीर्घायुका लागि यो भोजन सर्वोत्कृष्ट हो। यसले मनलाई शान्त र शुद्ध पार्छ, जसले गर्दा मनले आफ्नो अधिकतम सामर्थ्य देखाउन सक्छ। यसले साँचो स्वास्थ्य, शान्त मन जसले समुचित शरीरलाई नियन्त्रण गर्न सक्छ, सन्तुलित शक्तिको बहने (मन र शरीरबीच) सुनिश्चित गर्दछ। यो भोजन शान्त, शुद्ध, स्थिर र चिन्तनशील जीवन व्यतीत गर्न चाहनेहरूका लागि श्रेष्ठ हो। यो भोजनमा धेरै योगी, ऋषि, साधुसन्यासी, आध्यात्मिक गुरुहरूको आहार पर्छन्। फलफूल र तरकारी खानाले चुम्बकीय शक्ति विकास गर्न मद्दत पुर्‍याउने विश्वास राखिन्छ।" म स्वयम् योग तथा प्राकृतिक चिकित्सा (वैकल्पिक उपचार) र योगसँग सम्बन्धित डाक्टरको नाताले लेखकको उल्लिखित भनाइप्रति पूर्ण सहमत छु।

यस पुस्तकको मूल सन्देशका रूपमा जस्तो खाना त्यस्तै विचार हुने भएकोले पूर्ण शाकाहारी अर्थात भेगन भई लेखक स्वयम् कसरी किन शाकाहारी र पछि भेगन (Vegan) बन्न पुग्नुभयो भन्ने चर्चा गरिएको छ।

# दूध चियाका असरहरू



विशेष गरी कालो चियामा प्रशस्तै एण्टि अक्सिडेन्ट र भिटामिन पाइन्छ, यसले रगतमा सुगरको मात्रालाई नियन्त्रण गर्छ, कोष क्षयलाई रोक्छ, मुटुसम्बन्धी रोगबाट पनि बचाउँछ तर चियामा अलिकति पनि दूध मिसायो भने त्यसले फाइदा भन्दा बढी बेफाइदा गर्दछ। दूधमा पाइने प्रोटिन 'क्यासिन' ले गर्दा चियामा पैदा हुने 'क्याटेचिन'को मात्रामा कमि हुने गर्दछ, ।

अमेरिकाका वैज्ञानिकहरूले चियामा दूध मिसाएर हुने असरको बारेमा अनुसन्धान गरेका थिए। त्यस अनुसन्धानको क्रममा उनिहरूले १६ जना स्वस्थ स्वयंसेवीकाहरूलाई एक दिन तातो पानी, अर्को दिन कालो चिया अनि अर्को दिन दूध चिया पिउन दिएर उनीहरूको मुटुमा भैरहेको गतिविधिलाई निरीक्षण गरेका थिए।

तातोपानी मात्रै पिउँदा मुटुमा खासै त्यस्तो फरक परेन। कालो चिया पिउँदा मुटुको धमनी र रक्तनशालाई राहत पुग्यो तर दूध चिया पिउँदा ती महिलाहरूको मुटुको धमनी र रक्तनशामा हुने रगतको सञ्चारमा बाधा पुगेको थियो।

दिनमा २ कपभन्दा बढी दूध चिया पिउने बानी छ भने त्यो राम्रो बानी होइन। त्यसलाई तुरुन्तै हटाउनु उपयुक्त हुन्छ। बिहानको खाली पेटमा दूध चिया पिउँदा ग्यास्ट्रिकको समस्या देखा पर्छ। तर कालो चिया पिउँदा अनगिन्ती फाइदाहरू छन्।

विश्वभरी नै चियाका पारखीहरू भेटिन्छन्। यसमा पाइने एन्टिअक्सिडेन्टले शरीरमा स्फूर्ती एवं इनर्जी भरिदिन्छ। चिया स्वादका लागी मात्र नभई स्वास्थ्यको हिसाबले पनि उचित मानिन्छ। मानिसहरू धेरैजसो रोज्दा कालो चियाभन्दा बढी दूध चिया नै रोज्ने गर्दछन् तर सकेसम्म स्वास्थ्यका हिसाबले दूधको चिया प्रयोग भने गर्नुहुँदैन। दूधको चियाले खाना अरुची हुने ग्यास्ट्रिक बढ्ने जस्ता समस्या देखा पर्दछन्।

ब्ल्याक वा ग्रिन टी स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ। ग्रिन टीमा एन्टिअक्सिडेन्ट बढी हुन्छ। यस्तो चिया भने दिनको ४-५ पटक प्रयोग गर्दा रोगप्रतिरोधी क्षमता पनि बढ्छ।

कालो चियामा भएको एन्टिअक्सिडेन्टले शरीरमा भएको बोसो कम गर्ने काम गर्छ। जसको परिणाम मानिस मोटोपनको सिकार हुन पाउँदैन। चियामा राखेको दूधले भने एन्टिअक्सिडेन्टको मात्रालाई घटाउने काम गर्छ। कालो चियाको प्रयोगले छिटो भोक लाग्ने समस्याबाट मुक्ति दिलाउनुका साथै शरीरमा शक्तिसमेत पैदा गर्छ। जसले मानिसलाई लामो समय क्रियाशील रहनका लागि सहयोग पुर्‍याउँछ।

कालो चियाले पाचन प्रणालीलाई समेत व्यवस्थित गर्ने काम गर्छ। जसका कारण मानिस पेटको रोग लाग्नबाट बच्न सक्छ। कालो चियाको प्रयोगले पेटको दुखाइ, ग्यास्ट्रिकजस्ता समस्याबाट पनि मुक्ति दिलाउने काम गर्छ। नियमित रूपमा कालो चिया पिउँदा तौल र पाचन प्रणाली व्यवस्थित बन्छ। जसका कारण मानिसलाई 'हर्ट स्ट्रोक' को खतरा कम हुन्छ।

अमेरिकन हर्ट एसोसिएसनको अनुसन्धानअनुसार कालो चियाले शरीरमा भएको खराब कोलेस्ट्रोल कम गर्छ। कोलेस्ट्रोल हर्ट स्ट्रोकका लागि खतरनाक मानिन्छ। कतिपय मानिसमा रोगप्रतिरोधी क्षमता कम भएका कारण छोटो-छोटो समयमा बिरामी हुने समस्याले दिक्क हुन्छ। यस्ता मानिसलाई पनि कालो चिया हितकर हुन्छ। कालो चियाले शरीरको रोगप्रतिरोधी क्षमतालाई बढाउँदै लैजाने काम गर्छ।


यसले साइनस, डायरिया, निमोनियाजस्ता रोग लाग्ने सम्भावनालाई पनि दूर गर्ने काम गर्छ। कालो चियाले शरीरमा 'थैफ्लोविन्स' अर्थात् क्यान्सर बनाउन सक्ने कोषिकालाई हटाउने काम गर्छ। यस्ता कोषिका निर्मूल हुँदा विशेषगरी मानिसलाई 'ओवेरियन क्यान्सर' बाट जोगाउने गर्छ।

# विकासवादी अधिनायक अर्थात् ली क्वान



विष्णु भट्टराई

सिंगापुरका संस्थापक ली क्वान एसियाका तानाशाही शासकमध्येका एक थिए जसले गरिब देशहरूमा तीव्र गतिमा आर्थिक उन्नतिका सम्भावना देखे। यस्ता अन्य शासकहरूमा दक्षिण कोरियामा पार्क चङ्ली ताइवानका च्याङ काइसेक, मलेसियामा डा. महाथिर मोहम्मद र इन्डोनेसियाका सुहार्तो थिए। जस्ले साम्यवादको पतन हुने अपेक्षा गरेका थिए। यी देशहरूले आफू निश्चित तहको समृद्धिमा पुगे लगत्तै दुई ठूला चुनौतीको सामना गर्नुपरेको थियो। पहिलो सन् १९९७ को क्षेत्रीय आर्थिक संकट उनीहरूको एसियाली आर्थिक मोडलका लागि अम्लीय परीक्षण थियो, उत्पादनको व्यापक वृद्धिका आधारमा दिगोपन हासिल गरिरहेको तीव्र वृद्धिलाई। सिर्जनशीलताको आवश्यकता पर्ने प्रणालीले विस्थापित गऱ्यो। दोस्रो समृद्धिको फैलावटले तलतिरबाट बढी राजनीतिक स्वतन्त्रता सिर्जना गऱ्यो, यस मामिलामा पूर्वी एसियाभरमा असमान प्रगति देखियो तर निरंकुशतन्त्र



पछाडि फर्किरहेको छ। उनले आफ्नो जीवनको पछिल्लो समयमा प्रायःजसो सिंगापुर जान अर्थतन्त्र भएर आउनुपर्छ उनको पिपुल्स एक्सन पार्टीले नयाँ समयलाई अंगिकार गर्नुपर्छ भन्ने कुरा बताइरहे। लीका आलोचकहरूको कमी भने रहेन, चाहे सिंगापुरका अभिव्यक्ति स्वतन्त्रताका बाधाहरूका बारेमा होउन वा केही उनका राजनीतिक रुपले बडी गलत दृष्टिकोणका बारेमा होस् दुवै पक्षका आलोचकहरूको कमी थिएन।

सिंगापुर केही एसियाली देशहरूमध्ये एक थियो जसले व्यापक नीतिहरूको अनुशरण गऱ्यो जसले व्यापक गरिबीलाई कम गऱ्यो, घरेलु वचतको उच्चस्तर, व्यापक खुलापन, प्रतिस्पर्धी विनिमय दर, मानव पुँजी र असल पूर्वाधारमा लगानी जस्ता नीतिहरूको व्यापक अनुशरण गऱ्यो। लीले एसियाका सिनिक सभ्यतामा आधारित कन्फ्युसियन मूल्य मान्यताको तर्क अघि सारेका थिए जसले उनीहरूलाई दोस्रो विश्वयुद्धपछि तीव्र गतिमा अघि बढ्न मद्दत गऱ्यो। उनले आफ्नो आत्मकथामा भारतले आफ्नो सम्भाव्यतालाई लामो समयसम्म निष्क्रियतामै राखिरहेको उल्लेख गरेका छन् तर उनी चीनप्रति भने बढी विश्वस्त थिए। उनले अवसरको प्रतिक्षा गर्ने समाजवादी (फेबियन सोसलिस्ट) का रुपमा राजनीति सुरु गरेका थिए। जातिवादी दंगाकारी र कम्युनिस्ट विद्रोहीबाट जोगाउँदै उनले मलाया संघबाट सन् १९६५ मा बाहिरिएको सानो सहर सिंगापुरलाई विश्वका मुलुकहरूको शीर्षस्थानमा पुऱ्याए। सिंगापुर अहिले नियमित रुपमा विश्वका विभिन्न देशहरूको सूचीमा व्यवसाय गर्न सहज रहेका मुलुकहरूमध्ये अग्र स्थानमा छ, त्यहाँ स्थायी कर छ। विधिको शासन सर्वोपरि छ, भ्रष्टाचारको अवस्था अज्ञात छ। सिंगापुरको चाखलाग्दो विषय भनेकै त्यहाँको आर्थिक मोडल हो जहाँ स्वतन्त्र बजारका उपलब्धिहरू सन्तुलित छन् जुन सरकारी स्वामित्वका सफल कम्पनीहरूको श्रृंखला, सरकारी आवास परियोजनाहरूले अधिकांश नागरिकलाई घर दिएको छ र राष्ट्रिय सञ्चयकोषको मार्फतबाट अनिवार्य बचतबाट यस्तो सन्तुलन कायम भएको छ।

उनी गम्भीर थिए तर विवादास्पद चिन्तक पनि। उनको विश्लेषण विधि झन्डै बेबेरियन जस्तो थियो। बेबेरियन पथ जसले सभ्यतासम्बन्धी मूल्यमान्यताहरूलाई प्राथमिक बनायो। जर्मन समाजशास्त्री माकस बेबरले करिब एक सय वर्षअघि प्रोटेस्टेन्ट मूल्यमान्यतामा आधारित दर्शन अघि सारेका थिए जसले केही देशमा तीव्र गतिले विकास गऱ्यो। लीले सिंगापुरको भाग्य परिवर्तनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। उनी यसका लागि एक साझा दृष्टिकोणमुक्त समग्र टिमको प्रयास भएको भन्दै यसको श्रेय सबैलाई दिन्छन् जसलाई उनी 'एक व्यापारिक एवं कडा परिश्रम गर्ने मानिसहरू, जसलाई विश्वास गरियो' भन्छन्। ली सानो व्यापारिक बन्दरगाह जस्तो क्षेत्रलाई एकम समृद्ध राष्ट्रको रुपमा चमत्कारिक रुपान्तरण गर्ने कार्यका अगुवा थिए। उनी विश्वव्यापी रणनीतिक मामिलाका बारेमा तीक्ष्ण बुद्धिका चिन्तकमध्ये एक थिए। अझ स्पष्ट एवं कठोर बोल्ने बानी उनको बुद्धिमताभन्दा सधैं चर्चित रह्यो। उनी पश्चिमा उपदेशप्रियथताका लागि कटु आलोचक थिए। उनको अनुभव थियो पश्चिममा जे कार्य हुन्छ त्यो एसियामा आवश्यक हुन सक्दैन यद्यपि यस्तो सापेक्षिकतावादको केही मानिसबाट गलत दुरुपयोग हुन सक्छ। लीको विश्वास थियो कुनै पनि देशको रेकर्डलाई उसको ऐतिहासिक, सांस्कृतिक र संस्थागत वास्तविकताको पृष्ठभूमिका आधारमा निर्णय गर्नुपर्ने हुन्छ। उनका एसियाली मूल्यमान्यताहरू १९९० को दशकमा उदाएका थिए जुन व्यापक रुपमा सामान्यीकरण गर्नका लागि थिएनन्। उनी सानो मञ्चका विशालकाय व्यक्तित्व थिए। उनको प्रतिष्ठा वजनदार थियो, वास्तवमा उनले विश्व समुदायलाई नै निर्देशित गरे भन्नु अत्योक्ति हुने छैन।

पूर्व प्रधानमन्त्री लीले सन् १९९० सम्म ३० वर्ष सिंगापुरको नेतृत्व गरेका थिए। यस अवधिमा उनले एसियाकै गरिब मानिएको टापु राष्ट्र सिंगापुरलाई बलियो आर्थिक केन्द्रमा रुपान्तरण गरेका थिए। लीलाई सिंगापुरका नागरिकले राष्ट्रपिताका रुपमा पनि सम्मान गर्छन्। अपराध र भ्रष्टाचार अति न्यून रहेको आधुनिक सिंगापुर विकासमा संसारकै उदाहरणका रुपमा रहेको छ। लीका पुत्र एवं सिंगापुरका प्रधानमन्त्री ली एचसित लुङले सिंगापुर विश्वमा एक्लै रहेका बेलजा र विश्वमा विकासको गतिमा यसको मापन नभएको समयमा लीले देशको नेतृत्व गरेर वर्तमान सिंगापुर निर्माण गरेको बताएका छन्। उनले वर्तमान सिंगापुरको निर्माणमा लीको योगदानको उच्च मूल्यांकन हुनुपर्ने भन्दै उनीजस्तो विकासप्रेमी र देशभक्त नागरिक सिंगापुरमा पाउन गाह्रो रहेको भनेका छन्। ली सिंगापुरका संस्थापक मात्र नभई दक्षिणपूर्वी एसियाली राष्ट्रिय संगठन (आसियन) का पनि सहसंस्थापक नेता थिए। पचास वर्ष अघिसम्म मलेसियाको माछा मार्ने ठाउँ थियो सिंगापुर टापु। प्राकृतिक स्रोत साधन नभएको त्यही टापुलाई विश्वकै समृद्धशाली मुलुकको उचाइमा पुऱ्याए। सन् १९५९ मा बेलायती उपनिवेशबाट स्वतन्त्र भएदेखि सन् १९९० सम्म ली सिंगापुरका प्रधानमन्त्री थिए। जीवनको उत्तरार्द्धसम्म उनी सिंगापुरलाई विकसितत मुलुकको हैसियतमा पुऱ्याउन तल्लीन रहे। उनी दुनियाँकै एक कुशल र सफल शाासकमा गनिन्छन्। उनी जीवनभर जेका लागि बाँचे, जे सपना देखे त्यसलाई अविचलित रुपमा 'फलोअप' गरिरहे र आफ्नै जीवनकालमा सिंगापुरलाई समृद्ध राष्ट्र बनाएरै छोडे। त्यही कारण उनलाई राजनीतिक विचारधारामा असहमत हुनेहरूले पनि कुशल शासकका रुपमा सम्मान गर्न कन्जुस्याइँ गर्दैनन्। सिंगापुर र संसारमै लीले कुशल, कठोर, सदाचारी, दूरगामी, प्रयोगशील र व्यावहारिक विशिष्ट छवि बनाएका छन्।



उनको नेतृत्वलाई विश्व समुदायले अधिनायकवादी भनेर विरोध पनि गरेको थियो। देश चलाउने उनको अधिनायकवादी शैलीले नै सिंगापुरको कायापलट गऱ्यो। छोटो समयमै सिंगापुर विश्वको प्रमुख तथा व्यापारिक तथा आर्थिक केन्द्रका रुपमा स्थापित भयो। सिंगापुरको कार्यकुशलता र भ्रष्टाचारमुक्त समाजले विकसित पश्चिमा राष्ट्रहरूको शिरलाई समेत झुकाइदियो। सन् २०११ को आम निर्वाचनमा आइपुग्दा ली क्वानको पार्टी विरुद्ध आवाज उठ्यो। विपक्षी दलले पहिलेभन्दा बढी स्थानमा विजय प्राप्त गरे। लीले सिंगापुरको नेतृत्व गर्न विशेष रुपले व्यवस्था गरिएको मन्त्रीहरूका अभिभावक (मिनिस्टर मेन्टर) बाट राजीनामा दिए। त्यही निर्वाचनदेखि सिंगापुर अधिनायकवादबाट लोकतन्त्रतर्फ अभिमुख भएको छ र यो क्रम निरन्तर छ।

सन् १९६३ मा सयभन्दा बढी राजनीतिज्ञ र युनियनका नेताहरू राष्ट्रलाई खतरा पुऱ्याएको भन्दै थुनिए। त्यसले पिपुल्स एक्सन पार्टीलाई शक्तिशाली बनायो। विरोधी दल बार्सियन सोलियासिस कमजोर भयो। सन्१९८६ मा प्यापले संसदको ५८ सिटमा ५८ सिट नै जित्यो। त्यसपछि विरोधीहरू कहिल्यै उठ्न सकेनन्। स्वतन्त्रताको वैचारिक अवधारणाप्रति क्याम्ब्रिजमा शिक्षित लीको कुनै रुचि थिएन। एक अधिवक्ताका रुपमा स्वतन्त्रताको अवधारणाप्रति उनी जानकार थिएनन् भन्न सकिन्न। स्वतन्त्रताले पेट भरिँदैन, स्वतन्त्रताको प्रयोग गर्नेहरूलाई पाखा लगाउनुपर्छ भन्ने उनले जापानी व्यवसायबाट सिकेका थिए। 'मैले कसरी शासन गर्नुपर्छ भन्ने सिकेँ, बेलायती र जापानीहरूले जसरी शक्तिको प्रयोग गरेर कसरी जनतालाई तह लगाउनुपर्छ भन्ने जानेँ, ली भन्ने गर्थे। उनी बहुजातीय समर्थक थिए। त्यसैले उनले अतिवादी र कम्युनिस्टहरूलाई आन्तरिक सुरक्षा ऐन प्रयोग गरी वर्षौंसम्म गैरन्यायिक हिरासतमा राखे। उन्नत बच्चा पाउन प्रतिभाशाली नागरिकबीच जबर्जस्ती बिहे गराइदिने विरोधीहरूलाई नैतिक कारबाही जस्ता कामले उनलाई एक तानाशाहका रुपमा हेरिन्छ।

सन् १९६५ मा जब सिंगापुर मलेसियाबाट छुट्टियो, त्यो समयलाई ली 'कठोर समय' का रूपमा सम्झन्थे। त्यतिबेलासम्म सिंगापुरसँग स्वतन्त्र राष्ट्र बन्न चाहिने कुनै पूर्वाधार थिएन। देश आन्तरिक द्वन्द्वमा जकडिएको थियो। प्राकृतिक सम्पदाको कमी थियो। पिउने पानीमा समेत आत्मनिर्भर थिएन। नयाँ मुलुक स्थापना गरेर अघि बढ्न सक्ने उचित अन्तर्राष्ट्रिय वातावरण पनि थिएन। सिंगापुरे समाजमा चिनियाँ, मलाया र भारतीयहरूको दबदबा थियो।

'सिंगापुर कसरी सिंगापुर भयो भनेर थाहा पाउन यसको इतिहास जान्न जरुरी छ,' उनले २००७ को अन्तर्वार्तामा भनेका थिए, 'हामीसँग राष्ट्र बनाउन आवश्यक सामान्य कुरा पनि थिएनन्। न जनसंख्या न त साझा भाषा-संस्कृति। इतिहास भनेको लामो हुन्छ। त्यसमा मेरो सानो योगदान मात्र हो।"

लीको 'सिंगापुर मोडल' लाई 'नम्र अधिनायकवाद' को नमुना भनेर आलोचना गरिन्थ्यो। जसमा राजनीतिक शासन प्रणाली केन्द्रीकृत भए पनि सरकार स्वच्छ छविको थियो भने आर्थिक नीति उदार थियो। केन्द्रीकृत शासन प्रणालीका कारण प्रतिपक्षी दलहरू दबाइएका थिए। वाकस्वतन्त्रता थिएन। यद्यपि, यही शासन प्रणालीलाई 'एसियाकै नमुना' का रूपमा प्रशंसा नगरिएको होइन। कतिपय एसियाली मुलुकले त यहाँकै राजनीतिक प्रणाली अनुशरण गर्न अध्ययनसमेत गरेका थिए। खासगरी, चीन सिंगापुरको शासन प्रणालीको खुलेर प्रशंसा गर्थ्यो। विख्यात राजनीतिक विश्लेषक चेरियन जर्जले लीको नेतृत्वलाई 'डर र प्रभावको अनौठो संयोग' भनी टिप्पणी गरेका छन्।

लीको प्रभाव कम हुँदै गएपछि उनको शासन प्रणालीलाई उदारवादी नयाँ पुस्ताले कसरी अंगीकार गर्दै अघि बढाउँछ भन्ने प्रश्न उठेको छ। जम्मा ५६ लाख जनसंख्या रहेको सानो मुलुक सिंगापुरले भविष्यमा आउने ठूला समस्या कसरी सामना गर्ला भन्ने प्रश्न पनि यदाकदा उठ्ने गरेको छ।

अन्तर्राष्ट्रिय राजनीतिक खिचातानीबाट टाढै रहन रुचाउने सिंगापुरलाई आफ्नो राष्ट्र र राष्ट्रबासीको जीवन पद्धतिसँग मात्र मतलब छ। उनीहरूले यसलाई 'फाइभ सी' को संज्ञा दिएका छन्- क्यास (पैसा), कोन्डो (आवास), कार (गाडी), क्रेडिट कार्ड र कन्ट्री क्लब।

केही समययता भने विश्वका धेरै राजनीतिक वेबसाइट तथा ब्लगमा ली र उनको शासनविरुद्ध धेरै नकारात्मक टिप्पणी आउन थालेका थिए। तर, सिंगापुरबारे थोरै मात्र ज्ञान भएकाहरूमाझ पनि लीको छवि राम्रो छ। उनलाई विश्वले राष्ट्रवादी नेताका रूपमा चिन्छ जसले समाज परिवर्तन आफैंबाट सुरु गर्नुपर्छ भनेर सिकाए। उनी जनतालाई हाँस्न अभिप्रेरित गर्थे, चुइगम चपाएर वा बार्दलीबाट फोहर बाटोमा नफाल्न आग्रह गर्थे।

लीले शासन व्यवस्था तथा राजनीतिमा पूर्ण पकड जमाइराख्न धेरैखाले संयन्त्र निर्माण गरेका थिए। उनको शासनमा सरकारलाई गालीगलौच गर्नु ठूलै अपराधका रूपमा स्थापित थियो। विपक्षमा उभिएर नकारात्मक टिप्पणी गर्नेलाई उनी गाली-बेइज्जती मुद्दा हालेर ठूलो धनराशि जरिवाना तिराउँथे। विपक्षीहरू कहिलेकाहीँ त टाटै पल्टन्थे। केही पटक त 'द इन्टरनेसनल न्युयोर्क टाइम्स' ले पनि यस्तै मुद्दाका कारण क्षतिपूति तिर्दै माफी माग्नुपरेको थियो। उनी आफूलाई राजनीतिका 'डन' भन्न गर्व गर्थे जोसँग मान्छे प्रेम गर्दैनथे, बरु डराउँथे।

सिंगापुरलाई भ्रष्टाचारमुक्त देश बनाउनकै लागि त्यहाँ एउटा नीति अंगीकार गरिएको थियो- सरकारी सेवामा रहेका ठूला अधिकारीको तलबसुविधा निजी क्षेत्रमा कार्यरत प्रमुख कार्यकारीसरह हुने। यसले सिंगापुर विश्वमै सरकारी कर्मचारीलाई धेरै तलब दिने राष्ट्रमा चिनियो।

सिंगापुर स्वतन्त्र भएको १६ वर्षपछि सन् १९८१ मा मात्र विपक्षी नेता जेयारेत्नाम संसदमा एक सिट जित्न सफल भएका थिए। त्यसपछि सन् २००६ मा संसदको कुल ८४ सिटमध्ये दुई सिटमा जित हासिल गरे। सन् २०११ को आमनिर्वाचनमा भने विपक्षीले अप्रत्यासित रूपमा ६ सिट जित्यो। ४० प्रतिशत पपुलर भोट पनि प्राप्त गऱ्यो। त्यसपछि मात्र लीको पार्टीले राजनीतिक परिवर्तन गर्नुपर्ने समय आएको महसुस गरेको थियो।

लीले अंग्रेजी भाषाको प्रयोगलाई बढावा दिए। चिनियाँ, मलाया र भारतीयहरूको बाहुल्य भएकाले साझा भाषाका रूपमा अंग्रेजीको विकल्प छैन भन्ने उनलाई लागेको थियो। अंग्रेजी भाषालाई बढावा दिए व्यापार तथा लगानी ल्याउन सजिलो हुन्छ भन्ने पनि उनको सोच थियो। यसमा उनी सफल पनि भए। उनको यही सोचको परिणाम मान्नुपर्छ, सिंगापुर विश्वकै एक आर्थिक केन्द्रका रूपमा उदायो। १६ सेप्टेम्बर १९२३ मा जन्मेका लि क्वानको सन् २०१५ मार्च २३ मा निधन भएको थियो।

*(एजेन्सीहरूको सहयोगमा)*



प्रेरक

## हिराको मूल्य



भारतीय राज्य महाराष्ट्रअन्तर्गत पर्ने रत्नागिरि जिल्लाको काटलुक गाउँमा एउटा प्राथमिक विद्यालय थियो । विद्यालयमा कक्षा चलिरहेको थियो । एक दिन एक अध्यापकले बालबालिकासित प्रश्न गरे- तिमीहरूले बाटामा हिँड्दै गर्दा एउटा मूल्यवान् हिरा भेट्यौ भने के गर्छौ ?

एक बालकले हत्तपत्त जवाफ दिए- गुरु, म त्यसलाई बजारमा लगेर बेच्छु, अनि एउटा राम्रो कार किन्छु । अर्को एक बालकले भने- म त्यसलाई बेचेर धेरै धनी मान्छे बन्छु । अर्को एकजनाले भने- म त्यसलाई बेचेर विदेश घुम्न जान्छु ।

सबैले आआफ्ना योजना सुनाउँदै गर्दा अर्को एक बालकले भने- मैले बाटामा त्यस्तो बहुमूल्य हिरा भेटेँ भने म त्यसको मालिक पत्ता लगाएर उसैलाई फिर्ता गरिदिन्छु । बालकको जवाफ सुनेर अध्यापक चकित भए । उनले फेरि प्रश्न गरे- धेरै दुःख गरेर खोज्दा पनि त्यस हिराको मालिक पत्ता लागेन वा भेटिएन भने त्यतिखेर तिमी के गर्छौ ?

बालकले नम्र स्वरमा जवाफ दिए- मालिक भेटिएन भने म त्यस हिरालाई बजारमा बेच्छु र आएको पैसा देशसेवामा लगाउँछु । बालकको जवाफ सुनेर अध्यापक ज्यादै खुसी भए । उनले ती बालकलाई अंकमाल गर्दै भने- स्याबास, तिमी साँच्चै ठूलो देशभक्त हुनेछौ । तिमीलाई राष्ट्रले पछिसम्म आदर गरिरहनेछ । ती अध्यापकको भनाइ साँच्चै सत्य ठहरियो । ती बालक जवान भएपछि साँच्चै ठूला देशभक्त बने । उनको नाम थियो, गोपालकृष्ण गोखले ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ । रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त हुनेछ । तर, आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । समयमा सजग नहुँदा फाइदा लिने अवसर पछिलाई धकेलिन सक्छ । खानपानको सोखले स्वास्थ्य पनि प्रतिकूल बन्ने देखिन्छ । अवसर प्राप्त भए पनि चुनौतीसँग जुध्नुपर्ने समय छ । मिहिनेतले केही काम गर्न सकिनेछ ।

### वृष

अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । अरूको करकापमा परेर इच्छाविपरीत काम गर्नुपर्ला । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । उधारोमा व्यापार गर्नुपर्ला । समय दिन नसक्दा अध्ययनमा पछि परिनेछ । आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । प्रयत्न गर्दा यात्राको प्रक्रिया अघि बढ्नेछ ।

### मिथुन

आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ होला । साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ ।

### कर्कट

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । भूमि, वाहन र कर्मयोगबाट लाभ मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोगले महत्वाकांक्षी काम बन्न सक्छ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । उपलब्धि हातपार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । कार्य सफलताले प्रसन्नता बढ्नेछ ।

### सिंह

चुनौतीभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ । शारीरिक कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्ला । आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन् । लगनशीलताले मात्र संकल्प पूरा गर्न सकिनेछ । प्रयत्न गर्दा समाजसेवामूलक काम सम्पादन गर्न सकिनेछ ।

### कन्या

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ । यात्रा अलि कष्टपूर्ण हुनेछ । गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ । पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला । गोपनीयता बाहिरिनाले पनि समस्या आइपर्ने देखिन्छ । विशेष उपलब्धिका लागि भने केही समय प्रतीक्षा गर्नुपर्ने देखिन्छ ।

### तुला

हाँसखेल र मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । आफन्तको सत्कार पाइनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । काममा साथीभाइको सहयोग जुट्नाले उत्साह मिल्नेछ । दिगो काम थाल्ने समय छ ।

### वृश्चिक

मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन् । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । महत्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ ।

### धनु

छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि गरेको कामले आशा भने जगाउनेछ । समयको मागअनुसार चल्ने प्रयास गर्नुहोला । बौद्धिक व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ । मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ ।

### मकर

आश्वासन बाँड्नेहरूले भुक्याउन सक्छन् । कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ । पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ । अरूको भरले मात्र काम पूरा नहुन सक्छ । अन्योलमा मान्यजनको सुझाव विचार गर्दा सामान्य लाभ हुनेछ । रोकिएका काम दोहोर्याउनुपर्ला । आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् ।

### कुम्भ

बेलैमा योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइ पनि राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा मनग्य धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ ।

### मीन

आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ । अरूलाई दिएको वचन पुर्याउन नसक्ता आलोचित बन्नुपर्ला । परिस्थिति सबल नदेखिए पनि मिहिनेतले आशा जगाउनेछ । बुद्धिको उपयोगले केही काम बनाउन सकिनेछ । शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Visage = अनुहार The stern visage of the judge indicated that he has decide to impose a severe penalty न्यायाधिशको कडा अनुहारले उनी कडा सजाय सुनाउन लागेका छन् भन्ने इंगित गर्दथ्यो ।

Withstand = मुकाबिला गर्नु As he is well prepared he can withstand any criticism or attack very easily आफूलाई ज्ञान र सीपले सुसज्जित गरेको हुंदा, उ कुनैपनि आलोचना वा हमलाको सजिलै मुकाविला गर्न सक्दछ ।

Assuage = शान्त पार्नु, कम हुनु By eating two plates of rice, he assuaged his hunger दुई थाल भात खाएर उस्ले आफ्नो भोकलाई शान्त गरायो ।

Brawn = मसलको वल (मुढेवल) He tries to solve every problem by brawn not by intelligence उ सबै समस्या बुद्धिले भन्दा पनि मुढेवलले समाधान गर्न खोज्दछ ।

Curtail= छोटो बनाउनु After getting retirement from government service, he has curtailed his public life निवृत्त भएपछि उस्ले आफ्नो सार्वजनिक कृयाकलापमा कमि ल्याएको छ

Dissonant = नमिल्दो His music is somewhat strange because he uses dissonant chord while composing उस्को संगीत अनौठोको हुन्छ किनकी उ नमिल्दो कर्डहरू प्रयोग गरी संगीतवद्ध गर्दछ ।

Extraneous = वेमतलवका कुराहरू As his brain is full of extraneous things, he can not concentrate on important issue उस्को दीमाग वेकारका कुराले पूर्ण भएको हुंदा महत्वपूर्ण कुराहरूमा उस्ले ध्यान केन्द्रित गर्न सक्तैन ।

Friction = मतभिन्नता, घर्षण At a time when country is under civilwar, friction among the constitutional forces can have only detrimental effect देश गृहयुद्धमा जकडिएको वेला संवैधानिक शक्तिहरू वीच तनावले खाली नकारात्मक अशर मात्र छोडदछ ।

Grate = वाक्क बनाउनु The screams of quarreling children grated on the nervous of their mother बच्चाबच्चीहरूको कलह र झगडाले तिनीहरूको आमालाई वाक्क वनायो ।

## Drive बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Drive across = कठीन साथ खन्नु The local government drove a motorway across this mountain range स्थानीय सरकारले यो पहाडै पहाड कठिन साथ मोटर चल्ने बाटो निर्माण गऱ्यो ।

Drive something through = भित्रैबाट लग्नु This time the government will drive a new proposal through the parliament यो पटक सरकारले संसद भित्रैबाट एक नयाँ प्रस्ताव लग्नेछ ।

Drive somebody on = जोड गर्नु The urge to survive drives everyone on बाच्नु पर्ने बाध्यताले हरेकलाई केहिनकेहि गर्न जोड गर्छ ।

Drive somebody to = बाध्य पार्नु Hunger drove her to steal भोकको कारण तिनी चोर्न बाध्य भइन ।

Drive at = प्रयत्न गर्नु What are you driving at nowadays ? आजकाल तिमी के मा लागि रहेका छौ ।

Drive home to somebody = सचेत गराउनु He drove home to me that I should have been here by 10 O'clock म यहा १० बजेनै पुग्नु पर्छ भनेर उस्ले मलाई सचेत गरायो ।

Drive a hard bargain = कडै मोलतोल गर्नु She drives a hard bargain while shopping किनमेल गदा तिनी कडै मोलतोल गर्छिन ।

Drive something into sombody's head = थोपार्नु They have a very bad habit to drive their will into our head आफ्नो इच्छा हाम्रो टाउकोमाथि थोपने तिनीहरूको नराम्रो बानी छ ।

Drive sometning between पारिदिनु She always drives a misunderstanding between us तिनले सधैं हामीबीच झगडा पारिदिन्छिन ।

## सुडोकु–अंक ३१४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | | | ५ | | |
| | | | | ७ | | ६ | | १ |
| | | | | | ३ | ७ | | |
| | | | | ३ | ६ | | १ | |
| ४ | | | ७ | ५ | ९ | | | ८ |
| | ३ | | ४ | २ | | | | |
| | | ९ | ३ | | | | | |
| २ | | ५ | | ४ | | | | |
| | | ८ | | | | | | ४ |

## अंक ३१३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ५ | ४ | २ | ६ | १ | ८ | ७ | ९ |
| ९ | ८ | १ | ३ | ४ | ७ | ६ | ५ | २ |
| ७ | २ | ६ | ८ | ५ | ९ | ३ | ४ | १ |
| १ | ४ | ५ | ९ | ३ | २ | ७ | ६ | ८ |
| ८ | ६ | ९ | ५ | ७ | ४ | १ | २ | ३ |
| २ | ७ | ३ | ६ | १ | ८ | ४ | ९ | ५ |
| ६ | ९ | २ | ४ | ८ | ३ | ५ | १ | ७ |
| ५ | ३ | ७ | १ | २ | ६ | ९ | ८ | ४ |
| ४ | १ | ८ | ७ | ९ | ५ | २ | ३ | ६ |

# मह जोडीलाई एम्बिसन राष्ट्रिय गौरव सम्मान



काठमाडौं । चर्चित हाँस्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडी) लाई 'एम्बिसन राष्ट्रिय गौरव सम्मान-२०८०' बाट सम्मानित गरिएको छ । नयाँ बानेश्वरस्थित एम्बिसन एकेडेमीले जमलस्थित राष्ट्रिय नाचघरको सत्यमोहन प्रेक्षालयमा आयोजित एकेडेमीको अभिमुखीकरण, स्वागत तथा विशिष्ट साधक सम्मान समारोहमा मह जोडीलाई उक्त सम्मान प्रदान गरिएको हो । सो अवसरमा एम्बिसन एकेडेमीका संस्थापक प्रिन्सिपल विष्णुकुमार घिमिरेले विभिन्न व्यक्तिका लागि प्रयोग गर्ने गरिएको 'अद्वितीय' र योगदानका विषयमा प्रयोग गर्ने गरिएको 'अतुलनीय' जस्ता विशेषणहरू मह जोडीका लागि मात्र सुहाउने शब्द हुन् भन्दै एम्बिसनले केवल शैक्षिक उन्नयनमा मात्र ध्यान नदिएर हरेक वर्ष एक न एक जना राष्ट्रका गौरवलाई खोजी गरी सम्मान गर्ने गरेको विचार व्यक्त गरे ।

कार्यक्रममा प्रतिभा छनोट समितिका संयोजक प्रा.डा. देवी नेपालले सम्मानित व्यक्तित्वद्वयका बारेमा बोल्दै २००७ सालमा जन्मिएर २०२२ सालमा रेडियो नेपालमा गायकका रूपमा प्रवेश गरी कलाक्षेत्रमा लागेका मदनकृष्ण श्रेष्ठ र २०१४ सालमा जन्मिएर २०३१ सालमा रेडियो नेपालमा हास्यव्यङ्ग्य प्रस्तोताका रूपमा प्रवेश गरी कलाक्षेत्रमा लागेका हरिवंश आचार्यले २०३६ सालदेखि मह जोडी बनेर आजसम्मको झन्डै पाँच दशकको यात्रा उदाहरणीय रूपमा पूरा गरिसकेको र यो जोडी विश्वकै इतिहासमा अनुपम रहेको विचार व्यक्त गरे । उनले भने, 'पञ्चायत कालमा होस्, प्रजातन्त्र कालमा होस् वा वर्तमान लोकतान्त्रिक गणतन्त्र कालमा होस् विकृतिका विरुद्धमा र सुकृतिका पक्षमा निर्भीक आवाज उठाउँदै जनताका अपेक्षालाई शासकवर्गसम्म पुऱ्याउन र सभ्य, सुसंस्कृत, समुन्नत र समतामूलक मानवतावादी समाज निर्माणका लागि उहाँहरूले खेल्नुभएको अतुलनीय भूमिकालाई नेपाली माटोले कदापि भुल्ने छैन ।' उनले यमलोक, प्यारालाइसिस, अंशबन्डा, ककफाइट, ऐना, शपथग्रहण, विज्ञापन, भकुण्डे भूत, दसैं, लालपुर्जा, कान्तिपुर, सुरेबेसुर, मदनबहादुर-हरिबहादुरलगायतका दर्जनौं हास्यव्यङ्ग्यात्मक चलचित्रहरू, सयौं हास्य टेलिशृङ्खलाहरू, हजारौं मञ्चीय प्रस्तुतिहरू र अनगिन्ती जनजागरणमूखी प्रहसन, गीत, सङ्गीत, सूचना, विज्ञापन र सन्देशहरूले सर्वसाधारण जनतादेखि राज्यसञ्चालनको जिम्मा लिएका नेतृत्ववर्गसम्मलाई समेत नैतिकता, इमानदारी, सच्चरित्र र सत्मार्गका लागि दिशानिर्देश गरिरहेका हुनाले उनीहरू जनमनका गायक, विश्वचर्चित हास्यकलाकार, अद्भुत अभिनेता, जनचेतनाका उद्बोधक, जागरणका संवाहक तथा नेपाल र नेपालीका सर्वोच्च गौरव रहेको बताए ।

कार्यक्रममा मदनकृष्ण श्रेष्ठले नयाँ पुस्ताले आआफ्नो एम्बिसनलाई साधना, समर्पण, सङ्कल्प र मिहिनेतबाट प्राप्त गर्नुपर्ने सन्देश विचार व्यक्त गरे । कलाकार हरिवंश आचार्यले आफ्नो कलाकारिताको प्रारम्भिक चरणका सङ्घर्षपूर्ण अनुभवहरू सुनाएर नयाँ पुस्तालाई उत्प्रेरित गरेका थिए । दुवै सम्मानित व्यक्तित्वले अत्यन्त प्राज्ञिक समूहबाट सञ्चालित एम्बिसन एकेडेमीले आफूहरूलाई राष्ट्रिय गौरव सम्मान प्रदान गरेर राष्ट्रका लागि थप कामहरू गर्नुपर्ने दायित्व थपिदिएको विचार व्यक्त गरेका थिए । सम्मान कार्यक्रममा युवाकवि तथा गजलकार ज्ञानु विद्रोहीले मह जोडी राजनीति, भूगोल, जाति, धर्म, भाषा, संस्कृति आदि सबै कुराभन्दा माथि रहेका हुनाले उनीहरूलाई कुनै पनि प्रकारको सीमारेखाले विभाजन गर्न नसक्ने विचार व्यक्त गरे । कलाकार राजा राजेन्द्र पोखरेलको हास्यव्यङ्ग्यात्मक प्रस्तुति र चर्चित गायिका टीका प्रसाईंको साङ्गीतिक प्रस्तुतिका साथै एम्बिसन एकेडेमीका विद्यार्थीका एक दर्जनभन्दा बढी सांस्कृतिक प्रस्तुति रहेको उक्त कार्यक्रममा नृत्यकला सम्मानबाट युवा नृत्य निर्देशक तथा कलाकार चूडामणि फुँयाल र नवप्रतिभा सम्मानबाट चौध वर्षकै उमेरमा 'अद्भुत इन्द्रेनी' खण्डकाव्य र सत्र वर्षको उमेरमा हालै 'अर्जुनदृष्टि' छन्दोबद्ध कवितासङ्ग्रह प्रकाशन गरेका बालप्रतिभा विभुति अधिकारीलाई सम्मान गरिएको थियो ।

यसरी नेपालको राष्ट्रिय गौरव वृद्धिका लागि अतुलनीय योगदान दिने राष्ट्रका निधिलाई हरेक वर्ष गरिने 'एम्बिसन राष्ट्रिय गौरव सम्मान' बाट यसभन्दा अगाडि नै विश्वका आँखाको ज्योति डा. सन्दुक रुइत, वरिष्ठ संस्कृतिविद् डा. जगमान गुरुङ, वरिष्ठ कवि वैरागी काइँला, वरिष्ठ कलाकार हरिप्रसाद रिमाल/कल्याणी रिमाल, वरिष्ठ कवि तथा सञ्चारकर्मी दाहाल यज्ञनिधिजस्ता राष्ट्रका गौरवलाई सम्मानित गरिसकिएको जानकारी एम्बिसन एकेडेमीका निर्देशक देवीप्रसाद घिमिरेले दिए ।

# सर्वोच्चको नेतृत्व वरिष्ठतम् न्यायाधीश श्रेष्ठलाई



काठमाडौं । न्यायपालिकाको नेतृत्व कायममुकायम प्रधानन्यायाधीशका रुपमा सर्वोच्च अदालतमा वरिष्ठतम् न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले सम्हालेका छन् । प्रधानन्यायाधीश हरिकृष्ण कार्की यही साउन २० गतेदेखि सेवा निवृत्त हुनुभएपछि उनले नेतृत्व सम्हालेका हुन् ।

पदवहालीका क्रममा कामु प्रधानन्यायाधीश श्रेष्ठले संविधान र कानूनका आधारमा सेवाग्राहीको हितलाई हेरेर चुस्तदुरुस्त तरिकाले काम गर्न निर्देशन दिए । उनले सेवाग्राहीले महसुस हुने गरी छिटो मुद्दा फछ्र्यौट गर्न आगामी दिनमा चाल्ने कदमका 'दयगतमा न्यायाधीशहरूसँग छलफल गरेर तत्कालीन र दीर्घकालीन गर्न कामहरू तय गर्ने बताए ।

कामु प्रधानन्यायाधीश श्रेष्ठले न्यायपालिकाको सुधारका लागि सिङ्गो समूह नै लाग्नुपर्ने र त्यसका लागि सबै न्यायाधीशहरू र प्रशासनले सहयोग गर्न आग्रह गरे । संवैधानिक परिषद्‌को बैठकले नेपालको ३१औं प्रधानन्यायाधीशमा नियुक्तिका लागि श्रेष्ठलाई नै सिफारिस भइसकेको छ ।

संसदीय सुनुवाइ समितिले श्रेष्ठको नाम अनुमोदन गरे पनि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । सुनुवाइदेखि नियुक्तिसम्मको प्रक्रियामा केही समय लाग्ने देखिएको छ । श्रेष्ठको कार्यकाल आगामी वर्ष २०८१ असोजसम्म हुनेछ । न्याय सेवाको अधिकृत हुँदै जिल्ला न्यायाधीश, उच्च अदालतको न्यायाधीशबाट सर्वोच्चको न्यायाधीश हुनुभएका कार्यकालमा अदालतमा रोकिएका कामहरू प्रारम्भ हुने विश्वास व्यक्त गरिएको छ ।

# Pioneer of National Liberation Struggle

The history of mankind can also be called the history of the masses of the people searching and groping for the genuine path to their freedom and emancipation.

In the early 20th century, the oppressed peoples in the colonial countries in Asia and other continents waged vigorous struggles to put an end to the colonial rule by the imperialists and win national independence.

As they dogmatically approached the preceding theory that the cause of national liberation in the colonial countries depends on the victory of the revolution in the suzerain countries, some countries tried to win independence by relying on the revolution in suzerain countries or big powers. Some others resorted to reckless struggles, believing that if they dealt a blow to the colonial rule by means of demonstration, uprising and riot, they could achieve their national independence.

However, their struggles experienced only failures and frustrations.

After embarking on the road of revolutionary struggle for the country and people in his teens, Kim Il Sung strived hard to find a new path for national liberation struggle, in the course of which he discovered the truth that a country should carry out its revolutionary struggle independently in keeping with its specific conditions, not relying on others, and the masters and makers of the revolution are the masses of its people. Based on it, he created the Juche idea that the masses of the people are the masters and motive force of the revolution and construction. Since then the national liberation struggle of the Korean people entered a new stage.

Actually, the Korean revolution was an epitome of the cause of human liberation as it embraced all the tasks for the cause of national liberation struggle in colonial countries.

Having put forward the idea that national liberation could be achieved only on the strength of the resistance based on all-people unity, he put forward the slogan "Let us carry out the Korean revolution by our own efforts!" and led the Korean people to solve, by their own efforts, all the problems of national liberation struggle, to start with providing the conditions needed for the armed struggle.

Under his leadership, the Korean People's Revolutionary Army waged an anti-Japanese armed struggle for 15 years without any home front or backing of a regular army, and finally achieved the historic cause of national liberation.

The flames of national liberation struggle flared up more fiercely across the world, with the result that many colonial countries in Asia, Africa and Latin America achieved national independence in the 1960s and 1970s.

Unable to find a way out for his country's national liberation struggle facing difficulties, SamoraMachel, chairman of the Mozambique Liberation Front (Frelimo) and commander-in-chief of the Mozambican People's Liberation Army, visited the Democratic People's Republic of Korea in September 1971 to meet President Kim Il Sung, who had defeated two imperialist powers in one generation.







Some of the houses built in the countryside

When he met Machel, Kim Il Sung told him his opinions on the ways and means for winning victory in national liberation struggle, saying that they should take the initiative at all times even though the enemy went on the rampage and telling him the experiences had gained during the days of the anti-Japanese armed struggle.

Machel, after returning home, built up the internal forces of the Frelimo, set up secret guerrilla bases in the forests and delivered blows at the enemy by relying on them, thus putting an end to the colonial rule of hundreds of years and achieving national independence.

Declaring the complete independence of his country, he said at a conference: Thanks to the help President Kim Il Sung gave us, we were able to cut off the chains of colonial slavery which had shackled us as well as our ancestors and greet our liberation; let us extend thanks to him also on our ancestors' behalf.

**There are other stories.**

Kim Il Sung performed great exploits also for the national liberation struggle in Zimbabwe, Uganda, Namibia and Angola.

The chairman of the Nepalese Committee for Afro-Asian Solidarity, saying why people should attach particular importance to Korea's liberation and approach it in relation to the world although many countries had freed themselves from colonial rule since the end of the Second World War, stressed:

It is because Korea's liberation has exerted a decisive influence not only on the independent development of the Korean nation but also on the worldwide change. In the centre of this historical change was always President Kim Il Sung. The 20th century was a course in which the world had been changed by dint of his ideology.

The exploits of President Kim Il Sung, who made a great contribution to accomplishing the cause of independence for mankind by opening a new era in national liberation struggle in colonial countries, will shine for ever.



Part of the neighbourhood built in the Taephyongarea in Pyongyang





Agricultural workers move to new houses.



Children of the Taekwon-Do group at the Mangyongdae Schoolchildren's Palace



Instructor Kim Yong Sun trains the children on Moran Hill.



Young Taekwon-Do practitioners demonstrate skills of high difficulty.

**Outburst of Thanks**

Almost every day people move to new houses in the Democratic People's Republic of Korea.

The people in theTaephyongarea in the capital city of Pyongyang and other areas were given new houses.

They shed tears of gratitude for the policy of the Workers'Party of Korea and the government on giving priority to providing the people with new modern houses free of charge by building them in different parts of the country even under the difficultsituation.

**Young Taekwon-Do Practitioners**

The children of the Taekwon-Do groupat the Mangyongdae Schoolchildren's Palace put heart and soul to training.

Instructor Kim Yong Sun, People's Athlete, often takes the children to the picturesque Moran Hill to train them.

In the Democratic People's Republic of Korea, the homeland of Taekwon-Do, all the people, old and young, men and women, practise the orthodox martial art of the Korean nation.

## विश्व...

अर्कासँग मैत्रीपूर्ण खेल खेलेको देखिन्छ । स्कटिस लेखक तथा महिला अधिकारकर्मी फ्लोरेन्स डिकसीले १८९५ मा लण्डनमा लेडिज फुटबल क्लबको स्थापना गरिन् । क्लबको मुख्य उद्देश्य बेलायतभरिका महिला फुटबल क्लबको अगुवाईमा १८९५ मा आयोजित उत्तरी बेलायत र दक्षिणी बेलायतबीचको खेलमा उत्तरी बेलायत ७–१ ले विजयी भएको थियो । एफएको वेबसाइटमा यो खेलको प्रथम आधिकारिक महिला फुटबल खेल मानिएको छ । यद्यपि स्थानीय स्तरमा महिलाहरूले निकै अघिबाट फुटबल खेल्ने गरेको प्रमाण भेटिन्छ ।

१८८०–९० ताकाको पुरुषप्रधान समाजले महिलालाई मतदानको अधिकारबाट समेत वञ्चित राखेको फुटबल खेलको महिलाले सहन सक्ने कुरै भएन । फुटबल महिलाको खेल नै होइन भन्ने धारणा व्यापक थियो । महिलाले खेल्दा लगाउने पोसाक अशोभनीय र आपत्तिजनक भएको गुनासा पत्र फुटबल संघ र पत्रपत्रिकाका कार्यालयमा नियमित पुग्थे । जसका कारण महिलाहरू खेल्न असाध्य असहज हुने गियर लगाएर खेल्न बाध्य थिए । फुटबल महिला स्वास्थ्यका लागि पनि उपयुक्त नभएको तर्क गरिन्थ्यो । यसैत्रबीच १९०२ मा एफएले पुरुष टोलीलाई महिला टोलीसँग आधिकारिक खेल्नबाट रोक लगायो. । महिलाको स्वास्थ्यको कारण देखाए पनि महिलाले पुरुषलाई नियमित रुपमा पराजित गर्ने सम्भावना देखेर एफएका हाकिमहरू चिन्तित थिए । यसले बढ्दै गरेको फुटबलको लोकप्रियतामा धक्का पुग्ने उनीहरूको विश्वास थियो ।

पहिलो विश्वयुद्ध सुरु भएसँगै धेरै बेलायती युवा युद्धमा होमिनुपर्‍यो । पुरुष कामदारहरू युद्धमा पठाइएपछि महिलाले मुख्यतः युद्ध सामग्री उत्पादन गर्ने कारखानाहरूमा काम गर्न थाले । पुरुष कामदारलाई प्रतिस्थापन गरेसँगै महिला कामदारले खाजा समयमा फुटबल खेल्ने र सप्ताहन्तमा विभिन्न कारखानाबीच मैत्रीपूर्ण खेल खेल्ने चलन बसाए । धेरैको संख्यामा पुरुष खेलाडी युद्धमा होमिएका कारण बेलायती फुटबल लिग पनि रोकिएको थियो । यसले महिला फुटबलमा दर्शकको उपस्थिति बढायो । सन् १९१७ को एकदिन प्रेस्टेन सहरको डिक केर नाम गरेको कारखानामा दिउँसो खाजा समयमा पुरुषलाई पराजित गरेपछि त्यहाँका महिलाले फुटबल टोली गठन गर्ने निर्णय गरे र जन्मियो सम्भवतः आजसम्मकै बलियो महिला फुटबल टोली डिक केर लेडिज ।

अल्फ्रेड फ्याङ ल्यान्डको प्रशिक्षणमा डिककेर नेडिज उत्कृष्ट खेलका कारण छोटो समयमै ख्याति कमाउन सफल भयो । युद्धमा घाइते भएर फर्किएका जवानहरूको उपचारका निम्ति रकम संकलन गर्न सन् १९१७ को क्रिसमसमा आयोजित खेलमा डिक केर लेडिजको खेल हेर्न १० हजार दर्शक आए । सन् १९१८ भर यो टोलीले परोपकारी उद्देश्यका साथ धेरै खेल खेल्यो । डिक केरको लोकप्रियता यति चुलियो कि सन् १९२० मा यो टोलीले मैत्रीपूर्ण खेलका निम्ति फ्रान्सको यात्रा तय गर्‍यो । फ्रान्समा राम्रो प्रदर्शन गरेर फर्किएको यो टोलीले बेलायतमा झन् धेरै चर्चा कमायो । सन् १९२० डिसेम्बर २६ मा उर्लिएको ५३ हजार दर्शकको भीड लोकप्रियताको उच्चतम विन्दु थियो । परोपकारी कार्यका लागि रकम संकलन गर्न आयोजित यो खेलले महिला फुटबलमा सबैभन्दा धेरै दर्शक उपस्थितिको कीर्तिमान कायम गर्‍यो । तर किर्तिमान दर्शक बटुलेको एक वर्ष नपुग्दै महिलालाई फुटबल खेलबाटै प्रतिबन्ध लगाइयो । महिला फुटबलको बढ्दो लोकप्रियताबाट डराएर एफएले महिलालाई फुटबल खेल्नबाट प्रतिबन्ध गरेको थियो ।

विश्वयुद्धको अन्त्यपछि बेलायत फर्किएका युवाहरूको तत्कालीन सरकारसँग चरम असन्तुष्टि थियो । बेरोजगारी दर उच्च थियो । उनीहरू आफू युद्धमा होमिँदा महिलाले खोसेको युद्धअघिको आफ्नो रोजगारी फिर्ता चाहन्थे । युद्धबाट फर्किएका युवाहरूले विभिन्न ठाउँमा आन्दोलन चर्काउन थाले । महिलाहरू घरको काममा फर्किनुपर्छ भन्ने जमात बलियो हुँदै थियो । बेलायती संसदले १९२० मा रेस्टोरेसन अफ प्रि वार प्रक्टिसेस ऐन पास गर्‍यो र युद्धबाट फर्किएका जवानहरूलाई उनीहरूलाई युद्ध अगाडिको रोजगारी फिर्ता दियो । युद्ध अवधिभर विभिन्न कारखानामा श्रम गरेर योगदान पुर्‍याएका महिला कार्यस्थलबाट फ्याँकिए । यो सँगै धेरै महिलाको खेल जीवन पनि सकियो । यसैगरी बेलायती समाजको एकतप्का सन् १९१८ मा ३० वर्षभन्दा माथिका महिलाले मताधिकार पाएकोमा असन्तुष्ट थियो । महिलालाई आफ्नै स्थानमा फर्काउन लागिपरेको यो तप्का बेलायतले युद्धमा १० लाख सेना गुमाएका कारण महिलाको मुख्य काम सन्तान जन्माउनु र जनसंख्या बढाउनु हो भन्ने तर्क गर्न लाग्यो । महिलाले के गर्नुहुन्छ र के गर्नु हुँदैन ? भन्ने बहस व्यापक थियो । फुटबल लगायतका खेलले महिलाको प्रजनन क्षमतामा नकारात्मक असर पुर्‍याउने बनिबनाउ प्रमाणहरूले बेलायती मिडियामा राम्रै स्थान पाइरहेका थिए ।

महिलाको भूमिकामा समाज विभाजित भएको मौका छोपेर एफएले सन् १९२१ डिसेम्बर ५ मा महिलालाई फुटबल खेल्नबाट बन्देज लगायो । महिलाले फुटबल खेलमार्फत परोपकारका लागि संकलन गरेको पैसा हिनामिना गरेको र फुटबल महिला स्वास्थ्यका लागि उपयुक्त नभएको कारण देखाउँदै एफएले सम्पूर्ण बेलायती क्लबलाई आफ्ना पूर्वाधार महिला फुटबलका लागि प्रयोग गर्नबाट रोक लगायो । यथार्थमा फुटबल संघ महिला फुटबलको लोकप्रियताबाट झस्केको थियो । सन् १९२० मा त्यतिबेलाको पुरुष फुटबलको सबैभन्दा ठूलो खेल एफए कप फाइनलमा ५० हजार १८ दर्शक उपस्थित हुँदा डिक केर लेडिजले मैत्रीपूर्ण खेलमै ५३ हजार दर्शक आकर्षित गर्न सफल भएको थियो । सोही समय बेलायती फुटबल लिग पुरुष लिगको तेस्रो श्रेणी सुरु गर्ने तयारी गर्दै थियो । फुटबल लिगलाई महिला फुटबलको लोकप्रियताको कारण उक्त प्रतिस्पर्धा सफल नहुने डर थियो । पुरुष लिगको भविष्य सुनिश्चित गर्न एफएले महिला फुटबलको घाँटी निमोठ्यो ।

प्रतिबन्धको विरोधमा महिला क्लबहरूले एकजुट भएर आफ्नै लिग सञ्चालन गर्ने प्रयास गरे पनि एफएको शक्ति अघि उनीहरूको केही लागेन । डिक केर लेडिज लगायत केही स्थापित क्लबले आफ्नै प्रयासमा खेल आयोजना गरेर निकै वर्ष खेले पनि प्रतिबन्धका पाँच दशकभर महिला फुटबल गतिविधि ठप्प प्रायः रह्यो । प्रतिबन्धका कारण विद्यालयमा महिला फुटबल प्रतिस्पर्धा हुन छाडे । यसले महिला फुटबलमा पुरुष फुटबलमा झैँ तल्लो संरचनाको विकास हुन पाएन । बेलायतलाई पछ्याउँदै ब्राजिल, जर्मन लगायतका अन्य फुटबल शक्तिहरूले पनि महिला फुटबलमाथि प्रतिबन्ध लगाए ।

फुटबलमा पुरुष दबदबा कायम गर्न सुनौलो समयबाट गुज्रिरहेको महिला फुटबललाई सखाप पारियो । पाँच दशक प्रतिबन्धित भएर सन् १९७१ मा फुकुवा भएको महिला फुटबल पाँच दशकपछि पनि व्यावसायिक बन्न संघर्षरत छ । सम्भवतः डिक केर लेडिजपछि इतिहासकै सबैभन्दा बलियो अमेरिकाको महिला राष्ट्रिय फुटबल टोली अमेरिकाको फुटबल राष्ट्रिय टिम (पुरुष) सरह बराबर तलब, सुविधाको माग राखेर वर्षौंदेखि अदालती लडाइँ लडिरहेको छ ।

स्पेन महिला फुटबल लिगमा रायो भायोकानोका खेलाडीहरू क्लबले चिकित्सकको समेत व्यवस्था नगरेको भन्दै पछिल्लो समय आन्दोलनमै उत्रनु पर्‍यो । पुरुष फुटबलको महारथी रियल म्याड्रिड र म्यानचेस्टर युनाइटेडमा ३ वर्ष अघिसम्म महिला फुटबल टोली नै थिएनन् । महिला फुटबल लगानी सुविधा अवसर हरेक हिसाबमा पुरुष फुटबलभन्दा सयौं गुणा पछाडि छ । जब जब महिला फुटबलले समानताको माग गर्छ राजनीतिक टिप्पणीकारकहरू र फुटबलका पण्डितहरूले फुटबल ट्विटरसम्म समान अधिकारको माग गर्ने महिला फुटबलले किन पुरुष ,फुटबल जत्तिकै दर्शक तान्न नसकेको भनेर प्रश्न गर्छन् । सन् १९२१ को ५ डिसेम्बर सम्झिने प्रयास गर्दैनन् ।

## सांसद...

हो भने सांसदले निर्वाचनमा पैसाको झोला बोकेर दौडिनै पर्दैन । विकासको अर्थ राजनीतिमा उचित बहस गर्दा र बाटो देखाउँदा मात्रै आम जनताको सेवा हुन्छ । किनकि विकास निरपेक्ष हुँदैन । कसले, कसका लागि किन र कसरी भन्ने आधारभूत प्रश्न हल गर्ने जिम्मेवारी सांसदको हो ।

साधन स्रोतको जोहो वितरण कसरी र कहाँ गर्ने भनेर निक्यौल गर्ने नै सांसद हुन् । यस्तो जटिल विषयलाई एकातिर मिल्काएर पैसाको थैलो बोक्नु आफ्नो जिम्मेवारीमा घात गर्नु हो, असंसदीय अभ्यास गर्नु हो र लोकतान्त्रिक पद्धतिलाई कमजोर तुल्याउनु हो ।

संघीय प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिकबाट निर्वाचित एवं राष्ट्रिय सभामा निर्वाचित निर्वाचक मण्डल (इलेक्ट्रोल कलेज) निर्वाचित सांसदहरू छन् । ती सांसद निश्चित वर्ग, जातजाति, लैंगिकता, भूगोल र निर्वाचत क्षेत्रसँग जोडिएका छन् । तर सांसद विकास कोषको सञ्चालन भने कुल १६५ निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रत्यक्षतर्फका सांसदलाई मात्र मुख्य भूमिका दिइएको छ । यसले सांसद बीचमै विभाजन ल्याउँछ । पैसा चलाउने शक्तिशाली बन्छन् अरु निरीह संसदीय प्रणालीमा सबै सांसदको हैसियत र भूमिका समान मानेर सबैलाई बराबरी गर्ने बाटो अपनाउँदा पनि स्रोतको समुचित वितरण भने हुँदैन । यसले गर्दा सांसदलाई आफ्नो क्षेत्रसँग सिंगो देशको प्रतिनिधित्व गर्ने जिम्मेवारीबाट विमुख गराउँछ । नीति निर्माताको निर्णायक र सहायक पदानुक्रम आफैंमा समस्या हो । तथापि कुनै समय राष्ट्रिय सभा र समानुपातिक सांसदले पनि बराबरी वा कम रकम पाएका थिए ।

प्रत्यक्ष निर्वाचितमा समाजका शक्तिशाली जात, वर्ग, धर्म र समुदायका एवं आर्थिक रुपमा सम्पन्न विशेष गरी राजनीतिक पहुँच भएका पुरुषहरू हुने गरेका छन् । संसदमा विकास कार्यक्रममार्फत बजेट विनियोजन गरिनु युक्तिसंगत होला ? निकै पातलो जनघनत्व भएका र ठूला भूगोल भएका निर्वाचन क्षेत्रमा न्यूनतम प्रतिनिधित्व सुनिश्चित गरिनु तर्कसंगत छ । तर उस्तै प्रकृतिका निर्वाचन क्षेत्रमा मतदाताको संख्या निकै तलमाथि भएको तथ्यलाई पनि बेवास्ता गर्न सकिँदैन । यसर्थ अधिकतम जनसंख्या मतदाता भएका जिल्ला र निर्वाचन क्षेत्रको पुनःसंरचना गर्न सकिने आधार प्रशस्त छन् । यस्तो विषयमा बहस गर्न संसदको ध्यान पुगेको देखिँदैन । दलहरूका नेता र उनीहरूको स्वार्थ अनुकूल निर्वाचन क्षेत्रको निर्धारण गर्ने, जिल्ला टुक्र्याउने वा निर्वाचन क्षेत्र हेरफेर गर्ने गरिएको छ ।

संविधानसभा भएका बेला प्रति सांसद १० लाख रुपैयाँ दिइन्थ्यो । २०७२ मा संविधान जारी हुनुभन्दा पहिले प्रत्यक्ष र समानुपातिक सबैले बराबर रकम ३ करोड र समानुपातिकलाई ५० लाख दिने व्यवस्था गरियो र २०७४ को बजेटमा पनि यसले निरन्तरता पायो । २०७५ को बजेटबाट प्रत्यक्षलाई ४ करोड र समानुपातिकलाई नदिने व्यवस्था भयो । राजनीतिक रुपमा प्रत्यक्ष वा समानुपातिक सांसदलाई राज्यबाटै विभेद सुरु भयो ।

सांसद विकास कोषजस्ता पैसा बाँड्ने कार्यक्रमहरूमा कुनै सांसदको भूमिका निर्णायक हुने बित्तिकै उसको दल, वर्ग, जात, धर्म राजनीतिक पृष्ठभूमिगत आग्रह पूर्वाग्रह हावी हुन पुग्छ । व्यक्तिगत सोच, विवेक निर्णायक हुने परिवेशमा नीति नियमको पालना, वैज्ञानिक आधारलाई मान्ने भन्दा आफ्नो निर्वाचन क्षेत्रको कार्यकर्ता पाल्ने र मतदाताको समर्थन जोगाउन अनि दलीय पकड कायम राख्ने ध्याउन्न प्रभावी हुन्छ । यस्ता बेथिति चरम र निरन्तर रहेको सरकारकै निकाय महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको छ । सांसद विकास कोषलाई दलहरूका नेता कार्यकर्ताले निर्वाचन र सांसदको टिकट वितरणमा आम्दानी गर्ने सहज साधन समेत बनाइएको छ । संसद विकास कोष रोक्न सर्वोच्चमा रिट पर्नु स्वाभाविक हो ।

## बास्मती...

मुलुकमा बास्मती चामल निर्यात गर्दै आएको छ । युरोपेली मुलुकमा भारतसहित पाकिस्तान, भियतनाम लगायत देशले चामल निर्यात गर्छन् । अन्य देशले दाबी नगरे बास्मतीको उत्पादन, बिक्री र भौगोलिक ट्रेडमार्क भारतको माग हुने भएपछि नेपालले दाबी गरेको हो ।

बास्मती धान नार्कले रिलिज गरेको हो । जेनेटिक क्यारेक्टराइएजेसन गर्नुपर्ने र नेपालको पनि यसमा प्याटेन्ट रहेको नार्कको भनाइ छ । पुरानो बास्मती धानलाई परिमार्जन गरेर लल्लका बास्मती धान बनाइएको पनि नार्कले जनाएको छ । बास्मती धान तराई र भित्री मधेशमा लगाइन्छ । बास्मती धान मीठो र मसिनो पनि छ । अहिले नेपालमा विदेशबाट चामल आयात हुँदै आएको छ । भारतको दाबी प्रमाणित भए नेपालले चामल निर्यात गर्ने अवस्था आएमा बास्मती चामल निर्यात गर्न पाउँदैन ।

नेपालले २५ वटा बास्ना आउने धानका जात नेपालकै जिन बैंक र ४५ वटा धानको जात अन्तर्राष्ट्रिय जिन बैंकमा राखेको नार्कले जनाएको छ । नार्कका अनुसार मुलुकमा झन्डै २३ सय प्रकारका धानका स्थानीय जात छन् । नार्क अन्तर्गतको राष्ट्रिय कृषि अनुवंशिक स्रोत केन्द्रले स्थानीय जातका धानका बिउ संकलन गरेको थियो । उन्नत हाइब्रेडदेखि स्थानीय रैथाने धानका जातहरू छन् । जैविक विविधताको संरक्षणका लागि केन्द्रले बिउ संकलन र संरक्षण गर्दै आएको छ ।

रैथाने जातमा विशेष गुण ल्याएर उन्नत जात विकास गर्न सकिन्छ । नेपालमा करिब ३० किसिमका धानका उन्नत बिउ विकास गरिएको छ । कतिपय बिउ भने किसानले रोप्न छोडेपछि लोप पनि भएका छन् ।

नेपालमा बास्मतीसहित राधा १४, राधा १३, हर्दिनाथ, मन्सुली, खुमल४, रन्जित, सावित्रीसहित लोकतन्त्र, राधा ४, राधा १०, मिथिला, तरहरा १, चैते २, चैते ५, चैते ६, स्वर्ण सब १, हर्दिनाथ १, हर्दिनाथ २, हर्दिनाथ ३, सुकखा १, रामधान, लेकाली, माछापुच्छ्रे लगायत धानका जात धेरै प्रयोगमा छन् । विगतमा चीन, भारतबाट धानको बिउ ल्याउने गरिएकोमा अहिले हाइब्रेड समेत यही तयार गरिन्छ । तराईमा लगाइने मन्सुली धान ४७ वर्ष पुरानो हो ।

## ल्हारक्याल...

बाटो अख्तियारका लागि खुलै थियो। त्यसो नगरी लामालाई लाभ पुग्ने गरी अख्तियारले पदाधिकारी बैठकमार्फत 'सर्वोच्च अदालतमा लामाविरुद्ध पुनरावेदन नगर्ने' निर्णय गरेको हो।

गैरकानुनी सम्पत्ति आर्जनको अभियोगदेखि हातहतियार खरखजाना, दोहोरो नागरिकता र वैदेशिक रोजगारी ठगीसम्मका कसुरमा पटक-पटक मुद्दा खेपेका 'विवादास्पद' ल्हारक्याल लामालाई ६ वर्षअघि अख्तियारले भ्रष्टाचार मुद्दामा 'योजनाबद्ध उन्मुक्ति' दिएको पाइएको छ।

लामा ०६५ वैशाख २६ देखि ०६९ जेठ १४ सम्म पहिलो संविधानसभामा एमालेका तर्फबाट समानुपातिक सदस्य थिए। ०६७ चैत २८ मा झलनाथ खनाल नेतृत्वको सरकारमा एमालेले उनलाई अर्थराज्यमन्त्री बनाउँदा चौतर्फी विरोध भयो। लामामाथि दोहोरो नागरिकताको आरोप लागेपछि १४ दिनमै ०६८ वैशाख ८ मा उनलाई खनालले पदमुक्त गरेका थिए। सभासद छँदै दोहोरो नागरिकता प्रकरणमा सरकारले जाँचबुझ आयोग बनाएको थियो। मन्त्रीबाट हटेको भोलिपल्टै सरकारले पूर्वन्यायाधीश भोलाप्रसाद खरेलको अध्यक्षतामा गठन गरेको आयोगले लामामाथि अनुसन्धान गर्ने क्रममा मागिएका कागजात सरकारबाटै उपलब्ध नभएको भन्दै अपूरो प्रतिवेदन बुझाएको थियो। त्यसपछि सरकारले उनलाई आरोपबाट चोख्याएको थियो।

मन्त्रीबाट हटे पनि एमालेमै रहेका उनी दोस्रो संविधानसभाअघि माओवादीमा छिरे। माओवादी अध्यक्ष पुष्पकमल दाहालले ०७१ माघ २५ मा लामालाई सभासद बनाएका थिए। त्यसयता उनी माओवादीमै छन्। उनी हाल प्रधानमन्त्री रहेका पुष्पकमल दाहालनिकट मानिन्छन्। दोस्रो संविधानसभापछि उनी शृंखलाबद्ध रूपमा विभिन्न फौजदारी कसुरका आरोपमा जोडिएका थिए।

वैदेशिक रोजगारी ठगीको कसुरमा पक्राउ परेका लामालाई ०७२ चैत १० मा वैदेशिक रोजगार विभागले ३० लाख धरौटीमा छाडेको थियो। त्यो मुद्दा पछि विभागले 'पीडितसँग मिलापत्र' गराएर टुंग्याएको थियो। त्यसैबीच अख्तियारले उनीमाथि गैरकानुनी सम्पत्ति आर्जनको कसुरमा अनुसन्धान गरेको थियो। अनुसन्धानकै क्रममा ०७२ फागुन ३० मा बैंक खाता र लकर जाँच गर्ने क्रममा इन्भेस्टमेन्ट बैंकको एउटा लकरमा पेस्तोलका १४ राउन्ड गोली फेला परेको थियो। अख्तियारको अनुसन्धान भइरहेका बेला गोली फेला परेपछि काठमाडौं प्रहरीले नियन्त्रणमा लिएर मुद्दा चलायो। तर, हातहतियार तथा खरखजानाको कसुरमा उनलाई चोख्याइयो।

आफ्नो नियुक्तिलाई लिएर विवाद भएपछि लामाले सोमबार पत्रकार सम्मेलन गरी असन्तुष्टि जनाएका थिए। आफ्नो क्षमता र भिजन भएरै लुम्बिनीमा सरकारले नियुक्ति दिएको उनको जिकिर छ। पर्यटनमन्त्री सुदन किराँतीले ल्हारक्यालको नाम लुम्बिनी विकास कोषको उपाध्यक्षमा नियुक्त गर्न मन्त्री परिषद् निर्णय गराएसँगै उनी विवादमा परेका छन् । उनले विगतमा गरेका पर्यटन क्षेत्रका सुधारका कामहरू समेत यो घटनाले ओझेलमा परेका छन् । माओवादीभित्रै ल्हारक्यालको नियुक्तिलाई लिएर असन्तुष्टि चुलिँदै छ ।

## चीनले...

पानले ऋण लगानीमा निजी उद्यमहरूलाई सहयोग गर्ने उपकरणहरूको स्केल विस्तार गर्ने र वित्तीय बजारको समर्थनलाई सुदृढ पार्न काम गरिने बताए। निजी उद्यमहरूको विकासका लागि अनुकूल वातावरण सिर्जना गर्न, ऋण लिने इच्छुकता, क्षमता र दिगोपन अभिवृद्धि गर्न र भरपर्दो, प्रभावकारी र सुविधाजनक वित्तीय सेवा उपलब्ध गराउन उनले वित्तीय संस्थाहरूलाई आग्रह गरे। उनले निजी उद्यमहरूको विकासको लागि अनुकूल वातावरण निर्माण गर्ने, ऋण दिने, क्षमता र दिगोपन अभिवृद्धि गर्ने र तिनीहरूलाई भरपर्दो, प्रभावकारी र सुविधाजनक वित्तीय सेवाहरू प्रदान गर्ने।

पानले विभेदित आवास ऋण नीतिहरू ठीकसँग लागू गर्ने, निजी घरजग्गा उद्यमहरूको उचित वित्तीय आवश्यकताहरू पूरा गर्ने र घर जग्गा क्षेत्रको राम्रो विकासलाई प्रवर्द्धन गर्ने बाचा पनि गरेका छन्। वी ग्रेटर चाइनाका प्रमुख अर्थशास्त्री र अनुसन्धान प्रमुख ब्रुस पाङले देशभरका विभिन्न विभाग, संस्था र क्षेत्रहरूले निजी अर्थतन्त्रमा ध्यान केन्द्रित गरिरहने, निजी उद्यमहरूले सामना गर्ने कठिनाइहरूलाई कम गर्न र तिनीहरूको रूपान्तरण र विकासलाई बढावा दिने अपेक्षा गरिएको बताएका छन्। समर्थनको साथ, लागत र नगद प्रवाहमा उद्यमहरूको दबाबलाई प्रत्यक्ष, निष्पक्ष र समावेशीरूपमा न्यूनीकरण गरिन पनि पाङले बताएका छन्। समर्थनको साथ, लागत र नगद प्रवाहमा उद्यमहरूको दबाबलाई प्रत्यक्ष, निष्पक्ष र समावेशी रूपमा न्यूनीकरण गरिने पाङ्ले बताए।

## सहमतिपछि...

भएका र घाइते भएका परिवारका सदस्यहरूसँग छलफलपछि घटनाबारे छानबिन र अनुसन्धान गरेर दोषीलाई कानुनी दायरामा ल्याउन गृह मन्त्रालय सहमत भएको छ ।

घटनामा मृत्यु भएका र २०६५ पुस ९ मा मन्त्रिपरिषद्ले सहिद घोषणा गरेकाहरूको नाम राजपत्रमा प्रकाशित गर्ने सहमति भएको छ । त्यस्तै सो घटनामा मृत्यु भएका तर सहिद घोषणा हुन छुट भएका मृतकलाई सहिद घोषणाको प्रक्रिया अघि बढाउन दुवै पक्ष सहमत भएका छन् । मृतकहरूको स्मृतिमा रौतहट जिल्लामा सहिद स्मारक स्तम्भ निर्माण कार्य यही आर्थिक वर्षमा अघि बढाउने सहमति भएको छ । घाइतेहरूको उपचारको लागि स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने र आर्थिक सहायकता दिनेबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने सहमति गरिएको छ। मन्त्रालयसँग सहमति भएसँगै छानबिन र कारबाहीको माग राखेर सङ्घर्ष समितिले गरेको आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन् ।

## २४...

नपाउने खरिद कार्यालयले जनाएको छ। विभिन्न सार्वजनिक निकायले कालोसूचीमा राख्न लेखी पठाएकाले २४ निर्माण कम्पनीलाई कालोसूचीमा राखिएको कार्यालयले जनाएको छ। केही कम्पनी एक वर्षका लागि त केही डेढ वर्षका लागि कालोसूचीमा परेका हुन् ।

पप्पु कन्स्ट्रक्सनका अलवा कोशी एन्ड न्यौपाने निर्माण सेवा, नतासा निर्माण सेवा, त्रिवेणी निर्माण सेवा, समृद्ध निर्माण सेवा, नवनिर्माण बिल्डर्स, चेतना कन्स्ट्रक्सन, यूकेएन कन्स्ट्रक्सन, बीकेबी कन्स्ट्रक्सन, ब्लुबर्ड डिजाइन एण्ड कन्स्ट्रक्सन, बुढाथोकी निर्माण सेवा, नयाा निर्माण सेवा, शुभम् कन्स्ट्रक्सन, एके कन्स्ट्रक्सन, केआर निर्माण सेवा, माबोहाङ निर्माण सेवा, अर्भान कन्स्ट्रक्सन, लामाबुढा निर्माण तथा सामग्री सप्लायर्स, एक्सन बिल्डर्स, नुरी कन्स्ट्रक्सन, अन्जल निर्माण सेवा, अनुस्ठान कन्स्ट्रक्सन, युद्ध निर्माण सेवा र जय भगवती निर्माण सेवालाई कार्यालयले कालोसूचीमा राखेको हो ।

## भारी वर्षाले...

मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ५ सिक्रे दोभानमा पहिरोले घर पुरिँदा एकजनाको मृत्यु भएको छ भने पहिरोमा परेर ६ जना वेपत्ता भएका छन् । काभ्रे जिल्लाको खानीखोला गाउँपालका वडा नम्बर ५ स्थायी घर भई मकवनपुरको बागमती गाउँपालिका ५ स्थित सिक्रे दोभान बस्दै आएका अक्कल बहादुर स्याङ्तानको घर पहिरोले पुरिएको हो ।

मकवानपुरका प्रहरी प्रवक्ता एवं डिएसपी टेकबहादुर कार्कीका अनुसार स्याङ्तानको घर पहिरोले बगाउँदा उनकी श्रीमती ५५ वर्षीय सन्तमाया स्याङ्तानको मृत्यु भएको र अन्य ६ जना वेपत्ता भएका छन् । पहिरोमा परि पुरिएका मध्ये सन्तमायालाई स्थानीयले उद्धार गरि उपचारका लागी मकानपुरको भोर्लेस्थित स्वास्थ्य चौकी लैंजादै गर्दा बाटोमै मृत्यु भएको प्रवक्ता कार्कीले जानकारी दिए । वेपत्ता भएकाहरूको खोजिकार्य भइरहेको उनको भनाई छ ।

पहिरोमा परेर वेपत्ता हुनेहरूमा ६० बर्षका अक्कल बहादुर स्याङ्तान, उनकी छोरी २२ बर्षकी शिला पहरी, ज्वाई २५ बर्षका जिवन पहरी, नाती ४ बर्षका मिलन पहरी, नातिनी डेढ बर्षकी दिब्या पहरी र सिन्धुली जिल्ला हरिहरपुर गाउँपालिका १ कोटकीका अन्दाजी १६/१७ बर्षीय पासाङ घिसिङ रहेको प्रवक्ता कार्कीले जानकारी दिए ।

गएराति घर नजिकैको खोल्सीमा पानीको बहाव बढेर आउँदा खसेको पहिरोले स्याङ्तानको घर बगाएको प्रहरीले जानकारी दिएको छ । कञ्चनपुरमा अबिरल वर्षाले नदी नालाका सतह बढिरहेका छन् । वर्षातका कारण नदी,खोलाको सतह बढेपछि नदी गाउँ पसिरहेको छ । दोदा नदी पुनर्वास नगरपालिका ५ सिमरी गाउँमा परेको छ भने मोहना नदी कृष्णपुर नगरपालिका ७ शान्तिगाउँमा पसेको छ । मंगलबार बिहानैदेखि सिमरी र शान्तिपुर गाउँ डुवानमा परेको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रवक्ता प्रकास डाँगीले सिमरी गाउँमा झण्डै ६० धरधुरी र शान्तिपुर टोलमा समेत ६० देखिमाथि घरधुरी डुवानमा रहेको बताए ।

अविरल वर्षातका कारण चुरे भएर बग्ने अन्य खोला नालामा पानीको सतह वृद्धि भएर कटानी तथा डुवान गरिरहेको छ । स्थानीय मुकेश धामी(कविन्द्र)ले चुरे भएर बग्ने धारापानी बछेला खोलाले कृष्णपुर नगरपालिका पुतलीबजार शान्ति टोलमा रहेको तटबन्ध भत्काएपछि दोमिल्लाका सयौं घर जोखिममा रहेको बताए । चुरे भएर बग्ने चौधर नदीले बेदकोट नपा ४पार्की टोलमा रहेको तटबन्ध भत्काएर कटानी गरिरहेको छ । काभ्रेमा अविरल बर्षातका कारण जिल्लाको विकट पालिका खानिखोलामा पहिरोका कारण एकै परिवारका ६ जना सदस्य पुरिएका छन् । काभ्रेपलाञ्चोकको खानिखोला, मकवानपुरको बागमती गाउँपालिका सिमानामा रहेको उक्त स्थान मकवानपुरको बागमति गाउँपालिकामा पर्छ ।

मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर (नेपाल नजिक) अवस्थित रहेकाले अझै केही दिन देशैभर मनसुनी वर्षा हुने महाशाखाले जनाएको छ। भारी वर्षाका कारण नदीको जल सतह बढ्ने, गेग्रान बहाव, बाढी पहिरो, भू-क्षय तथा हावाहुरीजस्ता प्रकोप हुनसक्ने भएकाले जनस्वास्थ्य, कृषि दैनिक जनजीवन, सडक तथा हवाई यातायातमा हुनसक्ने जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपाउन महाशाखाले अनुरोध गरिएको छ ।

काठमाडौंमा गएरातिदेखि नै वर्षा भइरहेको छ । त्यसैगरी काभ्रेमा पनि भारी वर्षा कारण बनेपा र आसपासका क्षेत्र जलमग्न भएको छ । यसैगरी बाढी पहिरोका कारण राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । लोकमार्गको बागलुङ-बुर्तिबाङ सडकखण्डअन्तर्गत काठेखोला गाउँपालिका-६ इनारपानी र करिडोरको बागलुङ नगरपालिका-गलुवामा अबिरल वर्षाका कारण पहिरो झर्दा सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिए । बागलुङ बजारबाट पश्चिचतर्फ सञ्चालन हुने गाडी पनि सडकमै ठप्प भएका छन् भने यात्रु बीचबाटोमा अलपत्र परेका छन् । करिडोर अवरुद्ध हुँदा जिल्ला सदरमुकामबाट दक्षिण बागलुङको जैमिनी, बलेवा, बरेङलगायतका क्षेत्र सीधा यातायात हुनसकेको छैन । लोकमार्ग अवरुद्ध हुँदा बुर्तिबाङ, गलकोटबाट काठमाडौं, पोखारा, चितवन, बागलुङलगायतका ठाउँमा जाने गाडी सडकमै रोकिएका छन् ।

## मुलुकभर...

बिझाएको र दुखेको भन्दै अस्पताल पुग्ने गरेको पाइएको छ। अहिले देशका अधिकांश जिल्लाका अस्पतालमा यस्तै दृश्य देखिन्छन् । आँखा रोग विशेषज्ञलाई यो समस्याको उपचार गर्न भ्याइनभ्याइ छ । आँखा पाक्ने रोग मुलुकभर फैलिएको छ ।

आँखा पाक्ने (भाइरल कन्जक्टिभाइटिस)को समस्या लिएर काठमाडौं उपत्यकालगायत मुलुकभरका आँखा अस्पताल धाउने बिरामीको पछिल्लो समय दैनिक बढ्दैछ। जेठदेखि फैलन थालेको आँखा पाक्ने समस्या काठमाडौं उपत्यकामा भने असारको दोस्रो सातादेखि फैलिएको चिकित्सकहरू बताउँछन्। गत असार १५ देखि साउन २० गतेसम्म तिलगंगा आँखा अस्पतालमा जँचाउन आएकामध्ये ६ सय ३० जनामा आँखा पाक्ने रोग (भाइरस कन्जक्टिभाइटिस) पुष्टि भएको छ। तिलगंगा आँखा प्रतिष्ठानकी वरिष्ठ जनसम्पर्क अधिकृत सुनिता (सोनु) केसीका अनुसार, आँखा पाक्ने समस्या लिएर आइतबार मात्र सयभन्दा बढी पीडित जँचाउन आएका छन्।

पछिल्लो एक महिनाको अवधिमा आँखा पाक्ने समस्या लिएर ६ सय ३० जना पीडितले जँचाइसकेको तिलगंगा आँखा अस्पतालले जनाएको छ। जसमध्ये ३ सय ७१ पुरुष र र २ सय ५९ महिला छन्। संक्रमण बढेपछि तिलगंगा अस्पतालमा इन्मरजेन्सीमा छुट्टै युनिट खडा गरिएको छ। त्यस्तै कीर्तिपुर आँखा अस्पतालको बहिरङ विभागमा २० देखि ३० प्रतिशत बिरामी आँखाको संक्रमणकै समस्या लिएर आउन थालेका छन्।

उपत्यकामा आँखा पाक्ने समस्या जुनसुकै उमेरका व्यक्तिमा पनि पाइएको छ। तर, अधिकांश युवायुवती रहेको अस्पतालले जनाएका छन् । तिलगंगा आँखा अस्पतालमा पनि आँखाको संक्रमण लिएर आएकामध्ये अधिकांश युवायुवती नै भएको वरिष्ठ जनसम्पर्क अधिकृत केसीले बताएका छन् ।

अस्पतालमा आएका पीडितमध्ये १९ देखि ६० वर्ष उमेर समूहका ४ सय ३६ जनामा आँखा पाक्ने समस्या पाइएको छ । जसमध्ये २ सय ५६ जना पुरुष र १ सय ८० जना महिला छन्। त्यस्तै १८ वर्षमुनिका १ सय ४४ जनाले जँचाएका छन्। तीमध्ये ९२ जना पुरुष र ५२ जना महिला छन्। त्यस्तै ६० वर्षमाथिका ५० जनामा आँखा पाक्ने समस्या लिएर जँचाउन आएका छन्। तीमध्ये ३ सय ७१ जना पुरुष र २ सय ५९ जना महिला छन्। तिलगंगा आँखा अस्पतालकी आँखा रोग विशेषज्ञ डा. अनु मानन्धरका अनुसार, यताउती घुमफिर बढी गर्ने सक्रिय जनशक्ति युवायुवती भएकाले बढी संक्रमित भएका हुन्।

## विशाल...



बस, मिनिबस, माइक्रोबस र टेम्पाहरूमा विशाल नेपालको नक्सासहितको नारा भएको स्टिकर टाँस्ने कार्यक्रम भयो ।

संयोजक सुरेन्द्र ढकालको अध्यक्षतामा बसेको यस बेठकले महाअभियानमा संलग्न हुन चाहने इन्द्रबहादुर थापा मगर, शंकर पौडेल, लक्ष्मी खाड, भगवती शाह, काजीबहादुर घिमिरे, विश्वदीप शाह, निरज खड्का, भगवती पौडेल, विराज थापा गरी १० जनालाई महाअभियानमा औपचारिक रुपमा केन्द्रीय सदस्यको रुपमा स्वागत गरियो ।

बैठकले लक्ष्मी खाँडलाई विशाल नेपाल महाअभियानको नवलपरासी जिल्ला संयोजकमा मनोनयन गर्ने निर्णय गर्‍यो । त्यसै गरी छैठौं बेठकले निर्णय गरेका कुराहरूको कायान्वयनको समीक्षा गर्दै आगामी भाद्र २ गते शनिबार रत्नपार्क, जमल, बागबजार र सुन्धारा भएर आउने जाने सबै भाडाका यातायातका साधनमा स्टिकर टाँस्ने र सोपश्चात महाअभियानको आठौं बैठक गर्ने निर्णय गर्‍यो ।